मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक ३२९ • २०८२ साल कार्तिक २२ गते शनिबार • Saturday 08, November 2025 • सूर्योदयः बिहान ०६:१९ बजे • सूर्यास्तः साँझ ५:१८ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## धनुषा र महोत्तरीका ६ औषधि पसलमा सिल

**मधेशदृष्टि**
**वीरगंज।**
औषधि व्यवस्था कार्यालय वीरगंजले ६ वटा औषधि पसलमा सिल गरेको छ। महोत्तरी र धनुषाका विभिन्न औषधि पसलमा गरिएको अनुगमनका क्रममा ६ वटा पसल सिल गरिएको औषधि व्यवस्था कार्यालय वीरगंजका प्रमुख शम्भु शाहले जानकारी दिए।

उनकाअनुसार महोत्तरीका १२ वटा पसलमा अनुगमन गर्दा ११ वटामा सामान्य कैफियत भेटिएको छ भने १ वटा पसल बन्द गराइएको छ। यस्तै, धनुषाका ३७ वटा पसलमा अनुगमन गरिएको कार्यालयका सूचना अधिकारी ओम जैयसवालले जानकारी दिए। सो क्रममा ३१ वटामा सामान्य कैफियत पाइएको छ। ५ वटा पसल भने बन्द गराइएको उनले बताए।

अनुगमनका क्रममा न्यु ओम आयुर्वेद फर्मा बर्दिबास, माँ दुर्गा सर्जिकल धनुषा, माँ जानकी पोलिक्लिनिक धनुषा, आनन्द सर्जिकल धनुषा, आश्विन मेडिकल जनकपुर र नानदिन्दो हेल्थ केयर ढल्केबरलाई बन्द गराइएको हो। बुधबार र बिहीबार महोत्तरी र धनुषाका ४९ औषधि पसलमा अनुगमन गरिएको हो। सामान्य कैफियत भेटिएका पसललाई पहिलो पटक सचेत गराइएको सूचना अधिकारी जयसवालले बताए।

# ‘व्यवसायीलाई कम्तीमा २० वर्ष करमा दुःख नदेऊ’



**मधेशदृष्टि**
**वीरगंज।**
अर्थमन्त्री रामेश्वर खनालले वीरगंजका उद्योगी, व्यापारीसँग वर्तमान आर्थिक संकट, कर प्रशासनको जटिलता र अवैध व्यापार नियन्त्रण विषयमा छलफल गरेका छन्। वीरगंज उद्योग वाणिज्य संघको आयोजनामा छलफल भएको हो। संघको सभाहलमा भएको कार्यक्रममा निजी क्षेत्रका प्रतिनिधिले आफूहरूलाई प्रभावित गरिरहेका समस्या, कर संरचना, भन्सार दर, ऊर्जा आपूर्ति र सुशासनसँग सम्बन्धित सुझाव अर्थमन्त्रीसमक्ष राखेका थिए। कार्यक्रममा स्वागत मन्तव्य दिँदै संघका अध्यक्ष हरिप्रसाद गौतमले देशको अर्थतन्त्र चुनौतीपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै दीर्घकालीन तथा स्थिर आर्थिक नीति आवश्यक भएको बताए।

उनले प्रत्येक वर्ष बजेट र कर दर परिवर्तन भएकाले दीर्घकालीन योजना प्रभावित हुने, उद्योग–व्यवसाय असुरक्षित हुने र लगानीकर्तामा निराशा बढ्ने बताए।

गौतमले कम्तीमा २० वर्ष परिवर्तन गर्न नसकिने आर्थिक नीति बनाउनुपर्ने सुझाव दिए। उनका अनुसार करको दर निरन्तर बढाइरहने विकल्प अब बाँकी नरहेको भन्दै दायरा बढाएर मात्रै राजस्व सन्तुलन मिलाउन सकिन्छ। अवैध व्यापार प्रहरी नियन्त्रणको मात्र विषय नभई कर दर र भन्सार नीतिसँग जोडिएको भन्दै, कर र भन्सार दरमा वैज्ञानिक समायोजन गर्दा स्वाभाविक रूपमा अवैध व्यापार घट्ने अध्यक्ष गौतमको तर्क थियो।

उनीहरूले उद्योग र व्यवसायलाई प्रोत्साहन गर्नुपर्ने ठाउँमा उल्टै झन्झटिलो कर प्रशासन, बिजुली आपूर्तिमा समस्यासहित सरकारको व्यवहार नै नकारात्मक भएको गुनासो पनि राखे। दाल उद्योग, कच्चा पदार्थ र दैनिक उपभोग्य वस्तुमा बढ्दो कर दरका कारण व्यवसाय गम्भीर संकटमा परेको उद्योगीको गुनासो छ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, संघका निवर्तमान अध्यक्ष गणेशप्रसाद लाठ, वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोक वैद्यलगायतले धारणा राखे।

कार्यक्रममा राजस्व विभाग तथा भन्सार विभागका अधिकारीहरूको पनि उपस्थिति थियो। अर्थमन्त्री खनालले निजी क्षेत्र अर्थतन्त्रको मेरुदण्ड भएकाले उद्योग–व्यवसाय चलायमान रहन आवश्यक वातावरण बनाउँदै जाने प्रतिबद्धता जनाए।

उनले कर दायरा विस्तार, राजस्व संकलनको उचित प्रणाली र अवैध व्यापार नियन्त्रणका लागि नीतिगत सुधार अघि बढाइने बताए। कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघ, जीतपुर–सिमरा उद्योग वाणिज्य संघ र चपुर उद्योग वाणिज्य संघले अर्थमन्त्री खनाललाई छुट्टाछुट्टै सुझावपत्र हस्तान्तरण गरेका थिए।

## राजस्व चुहावटमा देखिएको कमजोरी समाधान गरिनुपर्छ

अर्थमन्त्री रामेश्वरप्रसाद खनालले राजस्व चुहावटमा देखिएका कमीकमजोरी सरोकार भएका निकायसँग आवश्यक सहकार्य र समन्वय गरी समाधान गर्नुपर्नेमा जोड दिएका छन्। वीरगंज भन्सार कार्यालयमा भएको राजस्व चुहावट नियन्त्रण समन्वय समितिको बैठकमा अर्थमन्त्री खनालले चोरीतस्करी नियन्त्रणका लागि सरोकार भएका निकायबीच समन्वय गरेर काम गर्न सबैलाई अनुरोध गरे। उनले झोलेपोके तस्करीलाई बाटोमा समात्नेभन्दा पनि जहाँ पुर्याइन्छ सोही ठाउँबाट नियन्त्रण लिन सरोकार भएका निकायलाई निर्देशन दिए।

‘दैनिक गुजारा चलाउन सरसमान ल्याउने र तस्करी गर्नेबीच छुट्याएर आवश्यक कारबाही प्रक्रिया अघि बढाउनका लागि अनुरोध गर्दछु,’ अर्थमन्त्री खनालले भने। राज्यका सबै निकायले एकापसमा समन्वय र सहकार्य गरेर राजस्व चुहावट नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्ने उनले धारणा व्यक्त गरे। ‘सबै निकाय एउटै हौँ। परस्पर प्रतिस्पर्धी होइनौँ। राजस्वको जिम्मेवारी अर्थमन्त्रालयको मात्रै नभएर राज्यका सबै निकायको हो। त्यसैले हातेमालो गरेर काम गर्न जरुरी छ,’ मन्त्री खनालले भने, ‘राजस्व चुहावटमा देखिएका कमीकमजोरी संयुक्त रूपमा मिलेर समाधान गर्नका लागि निर्देश गर्दछु।’

अर्थमन्त्री खनालले स्थानीय प्रशासन, भन्सार कार्यालय, तीनवटै सुरक्षा संयन्त्रसहित सरोकार भएका सबै निकायबीच एकापसमा समन्वय र सहकार्य गरी अवैध चोरीपैठारी र निकासी रोक्न प्रभावकारी काम गर्नुपर्नेमा जोड दिए। ‘तीनवटै सुरक्षा निकायले पनि सूचना समन्वयमा सहकार्य गर्न जरुरी छ,’ उनले भने, ‘सुरक्षा निकायबाट बरामदी लक्ष्य बढाउने विषय पनि त्यति राम्रो होइन। स्रोतर्फ ध्यान दिन आग्रह गर्दछु।’

अर्थमन्त्री खनालले सीमामा बस्ने कर्मचारी तथा राजस्वसँग सम्बन्धित कर्मचारीहरूले सेवाग्राहीसँग बोली र व्यवहारमा नम्र र सभ्य व्यवहार गर्नुपर्ने बताए। सेवाग्राहीका लागि हामी खटिएकाले उनहरूको भावनाअनुसार काम गर्न सबै कर्मचारीलाई उनले आह्वान गरे।

अर्थमन्त्रालयका महाशाखा प्रमुख उत्तरकुमार खत्रीले चोरीतस्करी नियन्त्रण गर्ने अहिले उपयुक्त समय भएको बताए। ‘अहिले काम गर्नका लागि कुनै पनि राजनीतिक दबाब र प्रभाव नआउने भएकाले पनि सही ढङ्गले कार्यसम्पादन गर्न अनुरोध गर्दछु,’ उनले भने, ‘राजस्व चुहावट नियन्त्रणमा सक्रिय भई लाग्न निर्देश गर्दछु।’ राजस्व अनुसन्धान विभागका महानिर्देशक तीर्थराज चिलुवालले सीमा क्षेत्रबाट हुने तस्करी नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न सरोकार भएका सबैसँग अनुरोध गरे। भन्सार विभागका महानिर्देशक श्यामप्रसाद भण्डारीले राजस्व चुहावट नियन्त्रणका लागि संयुक्त प्रयास जरुरी रहेकामा जोड दिए। पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले राजस्व चुहावट नियन्त्रणका लागि सरोकार भएका निकायसँग सहकार्य र समन्वय गरी योजनाबद्ध कदम चाल्ने प्रतिबद्धता व्यक्त गरे।

वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले वीरगंज भन्सार कार्यालयको राजस्व सङ्कलन उत्साहजनक भएको बताए। ‘चालु आवको तीन महिनामा लक्ष्यको ८९ प्रतिशत राजस्व सङ्कलन भएको छ,’ उनले भने, ‘गत आवको तीन महिनाको तुलनामा राजस्व सङ्कलन १२ दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ।’

## आन्तरिक राजस्व कार्यालय माग्दै बजार बन्द

आन्तरिक राजस्व कार्यालय राजविराजमा स्थापना माग गर्दै शुक्रबार सप्तरीको राजविराज बजार बन्द गरिएको छ। करदाता सेवा केन्द्र सार्ने सरकारको निर्णयविरुद्ध सप्तरी उद्योग वाणिज्य संघले आपत्ति जनाउँदै बजार बन्द गराएको हो। ७२ हजारभन्दा बढी करदाता रहेको सप्तरीबाट कात्तिक १७ गतेको मन्त्रिपरिषद्को बैठकबाट राजविराजमा रहेको करदाता सेवा कार्यालय अन्यत्र सार्ने निर्णयको विरोधमा बजार बन्द गरेर शनिबार आन्दोलनको थप कार्यक्रमहरू तय गर्ने उद्योग वाणिज्य संघका महासचिव अमृत संचेतीले जानकारी दिए। करदाता सेवा कार्यालय सार्ने विरोधमा स्थानीय उद्योगी व्यापारीले बिहीबार साँझ स्थानीय गजेन्द्र चोकमा टायर बालेर प्रदर्शन गरेका थिए। सरकारले तत्काल सार्ने निर्णय तत्काल नसच्याए जिल्ला पूर्णरूपमा ठप्प पार्ने उद्योग व्यवसायीले चेतावनी दिएका छन्। यसअघि बिहीबारै उद्योग वाणिज्य संघका अध्यक्ष लालुप्रसाद काबराको नेतृत्वमा उद्योगी व्यवसायीले करदाता सेवा कार्यालय राजविराजबाट सार्ने निर्णयविरूद्ध जिल्ला प्रशासन सप्तरीमार्फत प्रधानमन्त्रीको कार्यालयमा ज्ञापनपत्र बुझाएको छ। २०७५ सालमा राजविराजमा करदाता सेवा कार्यालय स्थापना भई सञ्चालनमा आएको थियो। करदाता सेवा कार्यालयको तथ्याङ्क अनुसार ६६ हजार पाँच सय ६१ सक्रिय करदाता छन्।

# मुख्यमन्त्री सोनलले विश्वासको मत लिँदै



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)ले आज शनिबार मधेश प्रदेश सभामा विश्वासको मत लिने भएका छन्। दिउँसो १ बजे प्रदेश सभाको बैठक आह्वान गरिएको छ। जसमा विश्वासको मत लिने कार्यसूची छ। मुख्यमन्त्री सोनलको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालसहित पाँच दलका ५६ प्रदेशसभाको समर्थनमा सोनल मुख्यमन्त्रीमा नियुक्त भएका हुन्।

तत्कालीन मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार गठनका लागि आह्वान गर्दा सोनललाई मुख्यमन्त्रीमा नियुक्त गर्न पाँच दलले दाबी पेश गरेका थिए।

सोनललाई मुख्यमन्त्री बनाउन उनको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले दाबी पेश गरेका थिए।

सरकारमा दाबी गर्ने समय पाँच दल रहे पनि अहिले सोनलको नेतृत्वको सरकारलाई नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टीले समेत समर्थन छ। दुई पार्टीले समर्थन गरेपछि सोनल सरकारलाई ५७ मत पर्ने देखिन्छ। १ सय ७ सदस्यीय प्रदेश सभामा हाल १ सय ४ प्रदेशसभा कायम छन्।

यता नेपाली कांग्रेस संसदीय दलको बैठकले विपक्षमा बस्ने निर्णय गरेको छ भने विश्वासको मतका विषयमा शनिबार नै निर्णय गर्ने प्रमुख सचेतक कुँवरकान्त झाले जानकारी दिए।

## सरकारमा माओवादीबाट साह र महतो मन्त्री हुने

मधेश प्रदेश सरकारमा नेकपा (माओवादी केन्द्र) पनि सहभागी हुने भएको छ। पार्टीले दुई मन्त्रालय लिएर सरकारमा प्रवेश गर्ने निर्णय गरेको हो।

शुक्रबार काठमाडौँमा बसेको माओवादी केन्द्र प्रदेश संसदीय दलको बैठकले संसदीय दलका नेता भरत साह र सांसद फकिरा महतोलाई मन्त्री बनाउने निर्णय गरेको छ।

भरत साह महोत्तरी क्षेत्र नं. १ ‘ख’ बाट निर्वाचित प्रदेशसभा सदस्य हुन् भने फकिरा महतो सर्लाही क्षेत्र नं. ४ ‘ख’ बाट प्रतिनिधित्व गर्छन्। उनीहरूले विश्वासको मतलगत्तै शपथग्रहण गर्ने तयारी गरिएको विश्वसनीय स्रोतले बताएको छ।

स्रोतका अनुसार, माओवादी केन्द्रले सरकारमा सहभागी हुने क्रममा ऊर्जा, सिँचाई तथा खानेपानी मन्त्रालय र स्वास्थ्य मन्त्रालय पाउने भएको छ। मन्त्रालयहरूको आधिकारिक घोषणा भने हुन बाँकी छ।

## भारतमा चुनाव, नाकासँगै रेल सेवा पनि बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतको बिहारमा हुने विधानसभाको दोस्रो चरणको निर्वाचनलाई मध्यनजर गर्दै शनिबारदेखि मधेश प्रदेशसँग जोडिएका सबै नेपाल–भारत सीमानाका अस्थायी रूपमा बन्द हुने भएका छन्। जिल्ला प्रशासन कार्यालयहरूले संयुक्त रूपमा जारी गरेको सूचनाअनुसार शनिबार साँझ ६ बजेदेखि मंगलबार साँझ ५ बजेसम्म सीमानाका बन्द रहने छन्। यस अवधिमा मानवीय तथा आकस्मिक सेवाबाहेक आवागमन पूर्ण रूपमा निषेध गरिएको छ।

धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहालका अनुसार बिहारमा हुने निर्वाचनका कारण सुरक्षाको दृष्टिले यो निर्णय गरिएको हो। उनले भने, ‘सीमाक्षेत्रमा शान्ति सुरक्षा कायम राख्नका लागि भोलिदेखि मंगलबार साँझसम्म सीमानाका बन्द रहने छन्। आकस्मिक र मानवीय सेवाका साधन भने सञ्चालनमा रहनेछन्।’

त्यस्तै, महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारी संजयकुमार पोखरेलले पनि त्यही अवधिसम्म सीमा नाकामा आवागमन रोकिएको जानकारी दिए। सीमानाका बन्दसँगै बिजलपुर–कुर्था–जनकपुरधाम–जयनगर रेल सेवा पनि अस्थायी



रूपमा स्थगित हुने भएको छ। नेपाल रेल्वे कम्पनी लिमिटेडका अनुसार भारततर्फको आवागमन रोकिएका कारण रेलसेवा पनि रोकिएको हो। कम्पनीले सीमानाका पुनः खुलेपछि रेल सेवा यथावत् रूपमा सुचारु गर्ने जनाएको छ।

नेपाल–भारत सीमानाका बन्द हुँदा जनकपुर, जयनगर, मलंगवा, गौरलगायतका प्रमुख व्यापारिक केन्द्रका गतिविधि केही दिनका लागि प्रभावित हुने अनुमान गरिएको छ। त्यसैगरी भारतको विहार विधानसभाको दोस्रो चरणको निर्वाचनलाई मध्यनजर राख्दै रौतहट जिल्ला प्रशासन कार्यालयले कात्तिक २२ गते अर्थात् शनिबार साँझ ६ बजेदेखि नेपाल–भारत सीमानाकामा आवागमन बन्द हुने जनाएको छ। प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालद्वारा हस्ताक्षरित पत्रमा यही कात्तिक २५ गते (११ नोभेम्बर २०२५) मङ्गलबारका दिन दोस्रो चरणको विधानसभा निर्वाचन हुन गइरहेको हुँदा सीतामढी र पूर्वी चम्पारण जिल्लासँग जोडिएका रौतहटका सीमानाका शनिबार साँझ ६ बजेदेखि लिएर २५ गते मङ्गलबार साँझ ६ बजेसम्म आकस्मिक सेवाबाहेक आवागमन पूर्ण रूपमा बन्द हुने पत्रमा उल्लेख गरिएको छ।

नेपाल–भारत सीमा क्षेत्रसम्बन्धी भएको समन्वय बैठकपश्चात दुई देशमा हुने निर्वाचन हुनुभन्दा ७२ घण्टाअगावै सीमा शिल गर्ने चलन रहिआएको छ। सोहीअनुसार निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउन नेपाल–भारत सीमा क्षेत्रमा हुने आवागमन पूर्ण रूपमा बन्द हुने गरेको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारीले जानकारी दिए।

# स्थानीयद्वारा मध्यपहाडी सडक अन्तर्गत छहरे खण्ड अवरुद्ध

**नुवाकोट ।**
सडक मर्मत सुधारको माग गर्दै मध्यपहाडी राजमार्गस्थित लिखु गाउँपालिका–६ छहरेमा शुक्रवार स्थानीयवासीले सडक अवरुद्ध गरेका छन् ।
सडक अवरुद्ध भएसगैँ टोखा–छहरे सडक हुँदै नुवाकोट र रसुवा आवतजावत गर्ने सवारीसाधन रोकिएका छन् ।
सडक अवरोधका कारण नुवाकोट र रसुवाबाट काठमाडौँ आवतजावत गर्ने गाडीबीच बाटोमा रोकिएका छन् । सडक खुलाउन आयोजनाका प्रतिनिधि र स्थानीयवासीबीच छलफल गराउन प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विक्रम लामाले जानकारी दिए ।
बिग्रिएको सडक मर्मतका लागि सम्बन्धित पक्षलाई गराएको ध्यानाकर्षणको बेवास्ता गरिएको भन्दै स्थानीयले आजदेखि अनिश्चितकालीन सडक अवरोध सुरु गरेका हुन् । मागको सुनुवाइ नभएकाले अनिश्चितकालीन विरोधको कार्यक्रम सुरु गरिएको स्थानीय नवराज थापाले जानकारी दिए ।
उनका अनुसार छहरेमा तीन वर्षअघि निर्माण गरिएको सडकमा खाल्डाखुल्डीका कारण दैनिकजसो दुर्घटना हुने गरेकाले तत्काल सुधारको माग गरिएको हो ।रासस

# जङ्गली हात्तीको आक्रमणः नौ वर्षमा १७ को मृत्यु

**महेन्द्रनगर ।**
कञ्चनपुरमा मानव–वन्यजन्तु द्वन्द्व पछिल्लो समय बढ्दै गएको छ । बितेको नौ वर्षमा कञ्चनपुरमा जङ्गली हात्तीको आक्रमणबाट तीन महिला र १४ पुरुष गरी १७ जनाको मृत्यु भएको छ ।
यहाँस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार २०७३ सालयता निकुञ्ज, राष्ट्रिय तथा सामुदायिक वन वरपर सो संख्यामा सर्वसाधारणले ज्यान गुमाएका हुन् ।
डिभिजन वन कार्यालय कञ्चनपुरका अधिकृत सोफिया भट्टराईले राष्ट्रिय वन तथा सामुदायिक वन र आसपासका क्षेत्रमा मात्रै नौ वर्षमा आठ जनाले ज्यान गुमाएको बताए ।
हात्तीको आक्रमणबाट दुई जना घाइते भएको तथ्याङ्कमा उल्लेख छ ।
'मृत्यु भएका प्रतिव्यक्ति १० लाख रुपैयाँका दरले मृतकका परिवारलाई क्षतिपूर्ति दिइएको छ,' अधिकृत भट्टराईले भने, 'घाइतेहरुको प्रकृति हेरेर उपचार खर्च दिने व्यवस्था रहेको छ ।'
पछिल्लो समय कञ्चनपुरको भीमदत्त, बेलौरी, बेदकोट, शुक्लाफाँटा नगरपालिका र लालझाडी र बेल्डाँडी गाउँपालिकामा जङ्गली हात्तीले नोक्सान पु¥याउँदै आएका छन् । जङ्गली हात्ती बस्ती पस्दा स्थानीय रातभर जाग्राम बस्ने गरेका छन् भने पालिका र सरोकारवाला निकाय हात्ती धवाउन खटिन गरेका छन् ।
शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका सूचना अधिकृत पुरुषोत्तम वाग्लेले हात्तीको आक्रमणबाट यहाँ २०७५ सालयता नौ जनाको मृत्यु भइसकेको जानकारी दिए ।
'यो अवधिमा नौ जनाको मृत्यु, सात गम्भीर र चार जना सामान्य घाइते भएका छन,' उनले भने, 'तुलनात्मक रुपमा यो वर्ष विगतको भन्दा निकुञ्ज र मध्यवर्ती क्षेत्रमा जङ्गली हात्तीको आवातजावत बढी देखिएको छ ।'
उनले हात्ती धपाउन निकुञ्ज र निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेनाको श्रीरणसिंह दलगण टोली तयारी अवस्थामा रहने गरेको जानकारी दिए ।रासस

# पैयुँले धानबालीमा क्षति पुगेका कृषकलाई राहत दिने

**पर्वत ।**
जिल्लाको पैयुँ गाउँपालिकाले गत साता आएको वर्षा र हावाहुरीका कारण धानबालीमा क्षति पुगेका कृषकलाई ३० लाख रुपैयाँ राहतस्वरूप वितरण गर्ने भएको छ ।
पैयुँ गाउँपालिका–५ का वडाध्यक्ष निर्भिकनारायण भुर्तेलका अनुसार यही कात्तिक ११ देखि १५ गतेसम्म आएको वर्षा र हावाहुरीले धानबालीमा क्षति पु¥याएपछि राहत उपलब्ध गराउन कृषकले गाउँपालिका र वडा कार्यालयमा अनुरोध गरेपछि क्षतिको मूल्याङ्कन गरी राहत उपलब्ध गराउने कार्यपालिकाको बैठकबाट निर्णय भएको छ ।
गाउँपालिका कार्यालयबाट कात्तिक १४ गतेदेखि धानबालीमा भएको क्षतिको विवरण सङ्कलन गर्न कर्मचारी खटाइएको उनले बताए । उनले कर्मचारी र जनप्रतिनिधि सहभागी टोलीले पालिकाभरमा ७०० परिवारको एक हजार ५०० रोपनी खेतमा लगाइएको बालीमा क्षति पुगेको विवरण उपलब्ध गराएका जानकारी दिए । उनका अनुसार उक्त क्षेत्रफलमा लगाइएको करिब ४५० टन धानबाली नष्ट भएको अनुगमनकर्ताको विवरणमा उल्लेख छ ।
कार्यपालिकाको बैठकले राहत वितरण गर्दा न्यूनतम एक रोपनी क्षेत्रफलको धान क्षति भएका किसानलाई दुई हजार रुपैयाँ तथा एक रोपनीभन्दा बढी क्षति भएका किसानलाई त्यसपछिको प्रत्येक रोपनीका लागि एक हजार ५०० रुपैयाँ का दरले थप गरी राहत दिने निर्णय गरेको छ ।
प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले राहत रकममा यति खर्च हुन्छ भन्ने यकीन भने नभएको बताए । प्रत्येक परिवारको कूल क्षेत्रफलको प्रमाणित तथ्याङ्क निकालेपछि मात्रै खर्च रकमबारे टुङ्गो लाग्ने उनको भनाइ छ । पन्ध्र सय रोपनीलाई एक हजार ५०० रुपैयाँ का दरमा राहत वितरण गर्दा अनुमानित करिब २२ लाख रुपैयाँ गाउँपालिकाले कृषकलाई वितरण उनले जानकारी दिए ।भिल्याउने बेलाको बालीलाई वर्षाले प्रभावित पारेपछि पर्वतका कृषकहरू चिन्तामा छन् । काटेर सुकाइएको धान भिजाउने, निहिनमा धान झार्ने, पराल भिज्नेलगायत समस्या भएको छ । नकाटेर गरामा ठाडो अवस्थामा रहेका धानमा वर्षाले खासै क्षति नगरेको भए पनि गत सोमबारको हावाले बाली ढलाएर क्षति पु¥याएको पैयुँ गाउँपालिकाले जनाएको छ ।
जिल्लाको कुश्मा नगरपालिका, फलेबास नगरपालिका, विहादी, मोदी र महाशिला गाउँपालिकाले पनि क्षतिको विवरण सङ्कलन भइरहेको जानकारी दिएका छन् ।रासस

# प्रचारप्रसारको अभावले ओझेलमा 'महादेव थान'

**भोजपुर ।**
हतुवागढी गाउँपालिका–१ स्थित कावा खोलाको किनारमा रहेको ऐतिहासिक धार्मिकस्थल 'महादेव थान' प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ । गाउँपालिकाले पछिल्ला वर्षमा संरक्षण र पूर्वाधार विकासको पहल थाले पनि अपेक्षित रूपमा पहिचान नपाएको स्थानीयको गुनासो छ । यो क्षेत्रको संरक्षण थाले पनि प्रचारप्रसार अभावमा ओझेलमा परेको हो ।
गाउँपालिकाले विसं २०८० देखि सुरू गरेको पूजापाठ तथा सद्बिज छर्ने कार्यक्रमसँगै यहाँको धार्मिक महत्त्व थप बढेको छ । हतुवागढी र रामप्रसाद राई गाउँपालिकाको सङ्गमस्थलमा रहेको यो स्थानमा विगतका वर्षमा मेला लाग्ने परम्परा रहँदै आएको थियो । माओवादी द्वन्द्वका कारण लामो समयदेखि रोकिएको मेला अहिले स्थानीयको पहलमा पुनःसञ्चालन गरिएको छ ।



गाउँपालिकाले यस स्थानको संरक्षणसँगै बाटो तथा भक्तजनको आवतजावतको सहजताका लागि फलामको बार लगाएको छ । यहाँसम्म पुग्न सडक विस्तार गरिएको छ । महादेव थान संरक्षण समिति गठन गरेर यो स्थानको संरक्षण तथा विकासको काम भइरहेको हतुवागढी गाउँपालिकाका अध्यक्ष प्रेमकुमार राईले जानकारी दिए ।
गाउँपालिकाले महत्त्वपूर्ण धार्मिकस्थलका रूपमा यसको संरक्षणका साथै धार्मिक पर्यटन प्रवद्र्धनका क्षेत्रमा काम गरिरहेको अध्यक्ष राईले बताए । ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्रका रूपमा यस क्षेत्रको विकास गरिरहेको जनाउँदै उनले यसबाट पर्यटन प्रवद्र्धनका साथै स्थानीयको आयस्तरमा सुधार हुने विश्वास व्यक्त गरे ।
'यो हाम्रो गाउँपालिकाको एक महत्त्वपूर्ण धार्मिक तथा पर्यटकीयस्थल हो,' अध्यक्ष राईले भने, 'यो क्षेत्रको विकासका लागि हामीले पूर्वाधार निर्माण, संरचना विस्तालगायत क्षेत्रमा काम गरिरहेका छौँ । यो प्रसिद्धस्थल प्रचारप्रसारको अभावमा ओझेलमा परेकोले यसको प्रचारप्रसारमा जुटेका छौँ ।'
गुफाँसगै यहाँको बनावटले सबैलाई आश्चर्यचकित पार्ने स्थानीय लालबहादुर प्रधानले बताए । यस मन्दिरको दर्शन गरेर मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहेकाले भक्तजन यहाँ आउने गरेका उनको भनाइ छ । विगतमा ठूलो मेला लाग्ने गरेको भए पनि माओवादी द्वन्द्वकालपछि यहाँ मेला लाग्न बन्द भएको स्थानीय बताउँछन् ।
यहाँ बालाचतुदर्शीमा मेला लाग्नुका साथै भजनकीर्तन हुने गर्दछ । देवस्थलमा गुफासँगै विभिन्न देविदेवताको मूर्ति छन् । ऐतिहासिक, धार्मिक र प्राकृतिक सौन्दर्य मिसिएको यो स्थल गाउँपालिकाको पहिचान बन्ने सम्भावना बोकेको स्थानीयको भनाइ छ ।रासस

# सडक मापदण्डभित्रका घरटहरा हटाउन आग्रह

**गुल्मी ।**
यहाँस्थित रुरुक्षेत्र गाउँपालिकाले सडक स्तरोन्नति सहज र प्रभावकारी बनाउन सडक मापदण्डभित्र पर्ने घरटहरा तथा संरचना हटाउन सम्बन्धित बासिन्दालाई अनुरोध गरेको छ ।
मदन भण्डारी राजमार्ग योजना कार्यालयले सडक मापदण्डभित्र पर्ने घरटहरा, पसल र अन्य संरचनाहरुले सडक निर्माणमा अवरोध पु¥याइरहेकाले गाउँपालिकालाई समयमै उक्त संरचना हटाइदिन पत्राचार गरेको थियो । सोही पत्राचारलाई आधार मान्दै रुरुक्षेत्र गाउँपालिका–१ को रिडीबजार, वडा नं ३ को पानीट्यांकी क्षेत्र तथा वडा नं ४ अन्तर्गत आमपोखरा र बलेटक्सार बजार क्षेत्रमा सडकको मापदण्डभित्र पर्ने घरटहरालगायतका संरचना हटाउन सूचना जारी गरिएको गाउँपालिकाले जनाएको छ ।
निर्माणमा ढिलाइ हुँदा क्षतिपूर्ति उपलब्ध गराउने काममासमेत ढिलाइ हुनसक्ने जनाउँदै उक्त कार्यमा सहयोग गर्न स्थानीयलाई आग्रह गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए ।
२०७९ फागुन २६ मा समानान्तर–एलाइट जेभी काठमाडौँमार्फत एक अर्ब ५० करोड रुपैयाँको लागतमा सडक स्तरोन्नति गरिरहेको छ ।
रुरुक्षेत्र गाउँपालिकाको रिडीदेखि गुल्मी दरबार गाउँपालिकाको रुन्खादहसम्म २५ किलोमिटर सडकखण्डमा आउँदो फागुन महिनासम्म कालोपत्र सम्पन्न गरिने मदन भण्डारी राजमार्ग योजना कार्यालय गुल्मीका सूचना अधिकारी एवं इञ्जिनियर हुमनाथ पौडेलले जानकारी दिए ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

### अप्रमाणित जग्गा प्रमाणित गरी नामसारी वारे ३५ दिने सुचना

यसमा जि.रौ.गा.वि.स.औरैया वडा नं.८ हाल इशनाथ न.पा. ३ मा बस्ने जमदार राय यादवको नाति हरिश्चन्द्र प्रसाद यादवको छोरा अनिल कुमार यादव र लालवावु प्रसाद यादवले आफनो वुवा नाता पर्ने हरिश्चन्द्र प्रसाद राय यादवको नाउमा दर्ता कायम रहेको तपसिलको अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाउमा नामसारी समेत गरी पाउ भनि द.न.८८८९ मिति २०८१।१०।२४ को माग निवेदन आएकोमा हरिश्चन्द्र प्रसाद रायको नाउमा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुष्ते नरहेको सो जग्गा छुट दर्ता जग्गा दा.खा. बाकी समेत रहेको भनि मोठ फाटवाट लेखिआएको र भुमिसुधारको १ नं. मोही लगत तथा फिल्डबुकमा किता नं.३५४ मा यो जग्गा मेरो बावु सटहु रायको नम्वरी हो किता नं.७८२ मा जग्गावालाको नाम बाबु सटहुको नाउको नम्वरी हो । इशनाथ नपा ३ को चलानी नं.४७३ मिति २०८१।१०।२४ सिफारीश र ऐ.ऐ. को चलानी ५६७ मिति २०८१।१०।२८ को सिफारीश साथै इशनाथ नपा ३ को च.नं.४९२ मिति २०८१।११।०१ को सिफारीशमा मृत्यु दर्ता प्रमाण पत्रमा हरिश्चन्द्र प्रसाद यादव, हरिस चन्द्र राय यादव र हरि चन्द्र प्रसाद यादव सवै नाम गरेको व्यक्ती एउटै हो भनि सिफारीश भै आएको र स्थलगत सर्जमिन मुचुल्का समेत भै आएकोमा सोको छुट जग्गाको हकदावी वारे यो ३५ दिने प्रकाशित भइ म्याद सकेपछि पेश गर्ने भनि मिति २०८२।७।१७ गतेको आदेश बमोजिम सुचना जारी गरिएको छ । निजको तिन पुष्ते भित्रको नाता पर्ने अन्य कोही भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कुनै कारण भए स प्रमाण सहित आफु वा रित पुर्वकको वारेश मार्फत म्याद भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम (दा.खा.वाकी) अप्रमाणित जग्गा प्रमाणित भै जाने छ ।

तपसिल

| जिल्ला | गाविस | वडा नं. | कि.नं. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | औरैया | १ | ७८२ | ०- २-५ | सटहु राय मर्दा नाती हरिचन्द्र राय यादव |
| ,, | डुमरिया | ७ | ३५४ | ०- १-८ | हरिचन्द्र प्रसाद राय यादव |


# नेपालगञ्ज विमानस्थलमा अत्याधुनिक 'टर्मिनल' भवन

**नेपालगञ्ज ।**
पश्चिम नेपालको नेपालगञ्ज विमानस्थलमा अत्याधुनिक 'टर्मिनल' भवन निर्माण भएको छ । तोकिएको समयअघि निर्माण सकिएको उक्त भवन केही दिनमा नेपालगञ्ज विमानस्थल टर्मिनल भवन आयोजनालाई हस्तान्तरण गरिने छ ।नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले आज नेपालगञ्ज विमानस्थालमा निर्माण सम्पन्न भएको टर्मिनल भवनको निरीक्षण गर्दै यथाशीघ्र यो टर्मिनल भवन सञ्चालनमा आउने गरी काम भइरहेको जानकारी दिए । उनले पोखरा, भैरहवा र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलभन्दा गुणस्तरीय भवन निर्माण भएको बताउँदै यसले रोजगारी वृद्धिमा समेत टेवा पु¥याउने विश्वास व्यक्त गरे ।
काठमाडौँपछिको ठूलो विमानस्थल मानिएको नेपालगञ्ज विमानस्थालबाट भारतको प्रमुख सहर दिल्ली, लखनउ उडान गर्ने उद्देश्य राखिएको उल्लेख गर्दै महानिर्देशक अधिकारीले उडानका सन्दर्भमा नेपाल र भारतबीच छलफल जारी रहेको बताए । 'नेपालगञ्ज विमानस्थलको टर्मिनल भवनबाट अन्तरराष्ट्रिय विमानको उडान गर्न पनि सहज हुनेछ,' उनले भने ।
धनी मुलुकबाट नेपाल आएका पर्यटकले यहाँको विमानस्थल हेरेर गरिब देशमा आएको अनभूत गरे विमान तथा उडानको अन्तरराष्ट्रिय व्यापार टिकाउ हुन नसक्ने उल्लेख गर्दै उनले समयको मागअनुसार अत्याधुनिक टर्मिनल भवन निर्माण गरिएको बताए ।
नेपालगञ्ज विमानस्थल टर्मिनल भवन आयोजनाका प्रबन्धक नलविक्रम थापाले म्याद सकिनुभन्दा करिब डेढ महिनाअघि निर्माण कम्पनीले काम पूरा गरेको जानकारी दिए । उनका अनुसार सो टर्मिनल भवनका लागि कुल लागत दुई अर्ब ९८ करोड रुपैयाँ रहेको छ । उनले भने, 'काम एकदमै सन्तोषजनक छ, सबै काम गुणस्तरीय छन्, हाम्रा इन्जिनियरको प्रत्यक्ष निगरानीमा काम सम्पन्न भएको छ ।'
शर्मा एण्ड कम्पनीका अध्यक्ष एवं प्रबन्ध निर्देशक रमेश शर्माले करिब दुई महिनाअघि विमानस्थलको टर्मिनल भवनको निर्माण सकिएको उल्लेख गर्दै अन्तरराष्ट्रिय उडानसमेत गर्न मिल्नेगरी काम भएको बताए । नेपालमा निर्माण व्यवसायीले समयमा काम गर्न सक्दैनन् भन्ने भाष्य बनेको छ, त्यसलाई चिर्न सकिएको उनको भनाइ छ ।
अत्याधुनिक प्रविधि र सुविधा समेटिएको भवनले 'पिकआवर'मा प्रतिघण्टा एक हजार ६०० यात्रुलाई सेवा दिन सक्ने बताइएको छ ।
विसं २०७९ पुसदेखि काम सुरु गरेको निर्माण कम्पनीले तीन वर्ष अर्थात् आगामी पुसमा सक्नेगरी तीव्रता दिएको थियो । टर्मिनल भवन सेमी बेसमेन्टसहित तीन तलाको छ । जसको बेसमेन्ट कमर्सियल प्रयोजनका लागि निर्माण गरिएको छ ।
पाँच हजार ७५ स्क्वायर मिटरको क्षेत्रफल ओगटेको टर्मिनल भवनभित्र यात्रु चेकजाँच काउन्टर १४, भिआइपी कक्ष तीन, बच्चाका लागि खेल्ने क्षेत्र (चिल्ड्रेन प्लेइङ एरिया) एक, भन्सार र क्वारेन्टिइन चेकजाँचका लागि अलगअलग कक्ष निर्माण गरिएका छन् ।
नयाँ टर्मिनल भवनभित्र बगैँचाका साथै पाँचदेखि १४ मिटर फराकिलो बाटो निर्माण गरिएको छ । टर्मिनल भवनको पेरिफेरिमा ढल निकास तथा बढी भएको पानी निकासका लागि उचित नालाको व्यवस्थापनसमेत गरिएको छ ।रासस


## माइग्रेशन हराएको सूचना

मिति २०८२ असोज १० गते गौरबाट पिपरा बजार जाने क्रममा रजिष्ट्रेसन नं ६६३२०१२१६, सिम्बोल नं २३२०११९० भएको कक्षा १२ को सकल माइग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा उल्लेखित सम्पर्क ठेगानामा खबर गरिदिन अनुरोध गर्दछु ।
नामः सिमा कुमारी पटेल
ठेगानाः यमुनामाई–१, रौतहट
सम्पर्कः ९८४५१९१७१७, ८९४५८९३१४६

# औषधि अभाव हुँदा सेवाग्राही मर्कामा




**सिरहा ।**
लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा तीन महिनादेखि स्वास्थ्य बिमाअन्तर्गत निःशुल्क उपलब्ध हुने औषधि अभाव भएको छ ।
सरकारले स्वास्थ्य बिमा गराई उपचार गर्ने बिरामीलाई एक लाख रुपैयाँसम्मको उपचार र औषधि निःशुल्क दिने व्यवस्था गरे पनि यहाँ औषधि नपाउँदा सेवाग्राही मारमा परेका हुन् ।
बीमा गराएका सेवाग्राहीले जाँचपछि चिकित्सकले लेखिदिएको औषधि अस्पतालको औषधिकक्षमा लिन जाँदा नपाएको गुनासो गरेका छन् ।
लहान नगरपालिका–२२ की पार्वती चौधरीले भनिन्, ‘चिकित्सकले लेखिदिएको औषधि अस्पतालको मेडिकलमा लिन जाँदा पाइएन ।’ लहान नगरपालिका–२३ का योगेन्द्र यादवले नियमित औषधि सेवन गर्नुपर्ने बिरामीले किनेर खान बाध्य भएका बताए ।
अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु) रञ्जितकुमार झाले औषधि अभावको मुख्य कारण स्वास्थ्य बीमा दाबीको भुक्तानी नहुनु रहेको बताए । उनले भने, ‘सरकारी अस्पतालमा बीमाको सुविधा भए पनि बीमा दाबीको भुक्तानी नहुँदा औषधि खरिद गर्न सकिएको छैन ।’
अस्पताललाई करिब एक करोड रुपैयाँ बीमा रकम भुक्तानी गर्न बाँकी रहेकाले औषधि खरिद गरी वितरण गर्न नसकिएको मेसु झाले जानकारी दिए । उनका अनुसार, अस्पतालले बिरामीका लागि हाल एक सय शय्या बराबरको सुविधा दिइरहेको छ । तर, केन्द्र र प्रदेशबाट यथेष्ट सहयोग नहुँदा र बिमा रकमको भुक्तानी रोकिएकाले अस्पताल सञ्चालनमा कठिनाइ भएको छ । अस्पताल विकास समितिबाट जेनतेन गरी सेवा दिइएको उनको भनाइ छ ।
मेसु झाले बिमाको रकम प्राप्त हुनासाथ औषधि खरिद गरी वितरण गर्ने प्रतिबद्धता व्यक्त गरे । हाल दैनिक तीन सयदेखि ४ सय बिरामीलाई सेवा दिइरहेको अस्पतालले बीमाबाट औषधिबाहेकका अन्य सेवा भने नियमित रूपमा दिइरहेको छ ।



**नियुक्तिपत्र हस्तान्तरणः** राजर्षिजनक विश्वविद्यालय जनकपुरधामको स्वास्थ्य विज्ञान संकायअन्तर्गत स्कुल अफ हेल्थ साइन्सेजको निर्देशक पदमा सहप्राध्यापक डा वीरेन्द्रकुमार झालाई शुक्रबार नियुक्तिपत्र हस्तान्तरण गरिँदै । तस्बिरः निरञ्जनकुमार साह

# पोखरीमा डुबेर १२ वर्षीय बालकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२८ सिधुवाटोलस्थित पोखरीमा डुबेर आज १२ वर्षीय एक बालकको मृत्यु भएको छ । मृतक बालक बाराको विश्रामपुर गाउँपालिका बडा नम्बर–५ मुसहरवा बस्ने कन्हाई साहका छोरा शनि कुमार साह छन् ।
शुक्रबार बिहान करिब १० बजे स्थानीय बासिन्दाबाट बालक डुबेर बेपत्ता भएको जानकारी प्राप्त भएपछि सशस्त्र प्रहरी बल नेपालको सुरक्षा बेस बेलवा पर्साबाट सशस्त्र प्रहरी नायव निरीक्षक (डिएसपी) लोकबहादुर कार्की र सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वार्टर पर्साबाट सशस्त्र प्रहरी सहायक निरीक्षक सञ्जीव यादवको कमान्डमा विपद् उद्धार टोलीले पोखरीबाट बालकको शव निकालेको थियो ।
उद्धार टोलीले पोखरीबाट बालकको शव बाहिर निकाली आवश्यक कानूनी प्रक्रियाका लागि नेपाल प्रहरीलाई बुझाएको छ । घटनास्थलमा वडा प्रहरी कार्यालय बिर्ताबाट प्रहरी नायव निरीक्षक नवीन थापाको कमान्डमा पनि प्रहरी टोली खटिएको थियो ।

**बालकको शव फेला**

कात्तिक पूर्णिमाको अवसरमा बागमती नदीमा नुहाउने क्रममा डुबेर बेपत्ता भएका बालकको शव दुई दिनपछि मृत फेला परेको छ । सर्लाहीको रामनगर गाउँपालिका–१ खैर्वाका १४ वर्षीय आशिक यादवको शव शुक्रबार बिहान फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले पुष्टि गरेको छ ।
आशिक बुधबार बिहान साढे ६ बजे कात्तिक पूर्णिमाको पुण्य स्नानका लागि बागमती नदीमा प्रवेश गरेका थिए तर नुहाउने क्रममा बेपत्ता भएका थिए । बेपत्ता भएका बालकको खोजीमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको टोली निरन्तर खटिएको थियो । दुई दिनको अथक प्रयासपछि अन्ततः उनको शव रौतहटको दुर्गा भगवती गाउँपालिका–२ स्थित बागमती नदीको किनारमा शुक्रबार बिहान ८ बजे फेला परेको हो । प्रहरीले आवश्यक कानूनी प्रक्रिया पूरा गरी शव परिबारलाई बुझाउने तयारी गरेको छ ।

# राजमार्गमै हाटबजार, दुर्घटनाको जोखिम

**मधेशदृष्टि**
**रौतहट ।**
चन्द्रनिगाहपुर–गौर सडकखण्डको विभिन्न स्थानहरूमा सडकमै पसल राखेर हाटबजार सञ्चालन हुने क्रम बढ्दै जाँदा दुर्घटनाको जोखिम बढेको छ ।
राजमार्गसँगै व्यापार गर्ने प्रवृत्तिले यातायात व्यवस्थापन अस्तव्यस्त बनाएको छ भने पैदल यात्रु र सबारी चालक दुवैको सुरक्षामा खतरा निम्त्याएको स्थानीयले बताएका छन् । प्रत्येक हप्ता लाग्ने हाटबजारका दिन चन्द्रनिगाहपुर बजार, डुमरिया बजार, हर्षह चोक, झाँझ पुल, शिवनगर बजार हुँदै सदरमुकाम गौरसम्मका सडक खण्डमा सडकमै व्यापारिक गतिविधि बढ्ने गरेको हो ।
ती स्थानमा व्यापारीहरूले राजमार्गकै किनारमा पसल सर्ने गरेकाले सडक साँघुरो बन्ने र आवागमनमा अवरोध सिर्जना हुने गरेको छ । कतिपय ठाउँमा त बजारको भीडका कारण सबारीसाधन चल्नै नसक्ने अवस्था हुने गरेको गरुडाका स्थानीय प्रह्लाद साहले बताए ।
शिव नगरका व्यापारी जोगेन्द्र साहका अनुसार, सडक किनारमै हाटबजार चल्दा सबारी दुर्घटनाको जोखिम अत्यधिक छ ।
‘राजमार्गमा बजार लाग्दा साना सबारी साधन गुड्नै सक्दैनन् । प्रहरी र पालिकाले वर्षौंदेखि हेपाहा व्यवहार गरेका कारण अहिले समस्या गम्भीर बन्दै गएको छ,’ साहले भने ।
हाटबजार लाग्ने दिन ट्राफिक प्रहरीको उपस्थिति भए पनि व्यवस्थापन हुन नसकेको स्थानीय रमेश यादवले बताए ।
‘हाट लाग्ने बेला सडक नै अवरुद्ध हुन्छ । पसल सर्ने, जनताको भीड, ठेला–रेडी र पशु बजारका कारण सडक प्रयोग गर्नै मुस्किल हुन्छ । अब सम्बन्धित पालिका र ट्राफिक प्रहरी कार्यालयले तुरुन्त पहल गर्नुपर्छ,’ यादवको भनाइ छ ।
स्थानीयवासीका अनुसार, यसरी हाटबजार व्यवस्थित ठाउँमा सार्न सकिएमा दुर्घटनाको जोखिम घट्ने मात्र होइन, यातायात सुचारु र व्यापार पनि सुरक्षित हुने विश्वास छ । उनहरूले सडकखण्डको दुवै किनारमा चेतावनी बोर्ड राख्ने, बजारका लागि छुट्टै स्थान तोक्ने र हाटबजार लाग्ने दिन ट्राफिकको विशेष योजना बनाउन माग गरेका छन् ।
यस विषयमा सम्बन्धित स्थानीय तह र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरले आवश्यक ध्यान नदिए जनजीवन र सबारीसुरक्षामा गम्भीर संकट आउने स्थानीय बासिन्दाको भनाइ छ । यता जिल्ला ट्राफिक प्रहरी प्रमुख राजेन्द्र थापा मगरले आफू भर्खरै आएको र यो समस्या देखा परेको पालिकाहरूसँग समन्वय भइरहेको जानकारी दिए ।

# नाम दर्ता गराउन मतदाता उत्साहित

**महोत्तरी।**
महोत्तरीमा दीपावली, छठ, धातृनवमी सामाचकेवा र कात्तिक पूर्णिमासहितका चाडबाड सकेपछि फोटोसहितको मतदाता नामावलीमा नाम दर्ता गराउने बढेका छन्। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि असोज १० गतेदेखि नै नाम दर्ता खुले पनि अहिले चाडबाड सकिएपछि दर्ता गर्ने बढेका छन्।
जिल्ला निर्वाचन कार्यालयका प्रमुख एवम् जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार फागुन २० गतेसम्म १८ वर्ष पुग्ने र यसअघि फोटो खिचाएर नाम दर्ता गर्न छुटेका व्यक्ति चाडबाडपछि उल्लेख्य संख्यामा आउन थालेका छन्।
‘चाडबाड सकिएपछि मतदातामा उत्साह देखिएको छ,’ उनले भने।
जिल्लामा असोज १० यता कात्तिक २० गतेसम्म दुई हजार ३ सय ४१ जनाले फोटोसहितको मतदाता नामावलीमा नाम समावेश गराएका छन् । यीमध्ये दीपावली, छठ सकेपछि एक हजार ४ सय ३९ जनाले नाम दर्ता गराएका हुन् । जिल्लामा २०७९ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनयता हालसम्म गरेर १६ हजार २ सय ६८ नयाँ मतदाता थपिएका छन्। यीमध्ये १३ हजार ९ सय २७ जना भने २०७९ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनयता गत असार १६ गतेसम्म अद्यावधिक भएका हुन्।
प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन २०७९ मा जिल्लामा तीन लाख ९१ हजार ५ सय ७७ मतदाता थिए । त्यसयता गत असार १६ सम्मका १३ हजार ९ सय २७ र असोज १० यता बिहीबारसम्म दुई हजार ३ सय ४१ मतदाता थपिएका निर्वाचन अधिकारी झाले बताए।
‘हामीले निर्वाचन आयोगको परिपत्रअनुसार गत असोज ९ गतेदेखि २०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पुग्नेहरुको फोटो खिचाएर मतदाता नामावलीमा नाम समावेश गरी रहेका छौं,’ झाले भने, ‘यसै अभियानभित्र त्रुटि सच्याउने र नाम बसाइ सारेको ठाउँमा सार्ने काम पनि सँगसँगै बढेको छ।’

# अनुभवी प्रशासकीय अधिकृत पठाउने तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत अभाव समाधानका लागि १० वर्ष अनुभव भएका शाखा अधिकृतलाई खटाउने तयारी गरेको छ । मन्त्रालयका कर्मचारी प्रशासन महाशाखा प्रमुख पार्वती शर्माका अनुसार, उपसचिव दरबन्दी भए पनि स्थानीय तहमा नजान इच्छुक कर्मचारीका कारण धेरै नगरपालिका अधिकृतविहीन बनेका हुन् । रौतहटका १६ मध्ये चन्द्रपुर, गरुडा र गुजरा नगरपालिकामा मात्र दरबन्दीअनुसारका प्रमुख प्रशासकीय अधिकृत कार्यरत छन् ।
यसैबीच, मन्त्रालयले वृन्दावनका प्रमुख प्रशासकीय अधिकृत महम्मद शेरे मुस्तफालाई देवाही गोनाही र मौलापुरका बिकाउ कुमार यादवलाई राजदेवी नगरपालिकामा सरुवा गरेको छ ।
तर गौर, इशनाथ, माधवनारायण, मौलापुर, कटहरिया र वृन्दावन नगरपालिका अझै प्रमुख प्रशासकीय अधिकृतविहीन छन् । वृन्दावनका नगरप्रमुख बिनोद राउत कुर्मीले शिक्षाका उपसचिव खिमबहादुर भुजेललाई नै निरन्तरता दिनुपर्ने अडान लिएका छन् । यसैबीच, कर्मचारी सरुवामा भनसुन र दबाबका कारण मन्त्रालयभित्र विवाद बढेको आरोप पनि लागेको छ ।

# हुलाकी राजमार्ग अधुरो हुँदा कष्ट

**मधेशदृष्टि**
**सर्लाही ।**
वर्षौंदेखि अधुरै रहेको मलङ्गवा खण्डको हुलाकी राजमार्गले स्थानीयवासीको दैनिक जीवन अस्तव्यस्त बनेको छ । सदरमुकामको मुख्य बजार क्षेत्र—टावरचोकदेखि झन्डाबजारसम्मको करिब ७ सय मिटर सडक कालोपत्रे नहुँदा धुलो, फोहोर र दुर्गन्धको समस्या झनै गम्भीर बन्दै गएको हो । पूर्व–पश्चिम हुलाकी राजमार्गका अधिकांश भागमा काम सकिएको भए पनि मलङ्गवाको व्यस्त बजार क्षेत्र अझै बेस तहमै सीमित छ ।
व्यापारीहरू धुलोका कारण सामान क्षति हुन्छ, ग्राहक घट्छ र बालबालिकादेखि वृद्धसम्म श्वासप्रश्वाससम्बन्धी रोग बढेको छ । लगातारको समस्यापछि स्थानीयवासीहरूले ‘मलङ्गवा नगर संरक्षण तथा सुधार समिति’ बनाएर दबाब शुरू गरेका थिए ।
बुधबार सडकमा अनिश्चितकालीन चक्काजाम पनि गरिएको थियो । आन्दोलनपछि ठेकेदारले केही निर्माण सामग्री ल्याएपछि चक्काजाम अस्थायी रूपमा रोकिएको छ । सडक निर्माणको जिम्मा हिमडुङ एण्ड ठोकर र हिरा एण्ड नमिता जेभीले सन् २०१६ (२०७३ असार) भित्र काम सक्ने सर्तमा लिएको थियो तर सात पटक म्याद थपिँदासमेत काम पूरा हुन सकेको छैन ।

# घरेलु मदिरा उत्पादन भट्टी नष्ट

**मधेशदृष्टि**
**रौतहट ।**
प्रहरीले विशेष अभियानमा पाँचवटा अवैध घरेलु मदिरा उत्पादन गर्ने भट्टी नष्ट गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको टोलीले परोहा नगरपालिका–५ नामनगरा, भेडियाही, र बौधिमाई नगरपालिका–४ ईनरबारी क्षेत्रका लुकाइ–छिपाइ सञ्चालन भइरहेका भट्टीहरू पत्ता लगाएर नष्ट गरेको हो ।
प्रहरी प्रमुख एसपी रबिन कार्कीका अनुसार, भट्टीबाट ५ सय लिटर तयारी मदिरा, ४ ड्रम कच्चा पदार्थ, मदिरा बनाउने २ वटा मेसिन र अन्य भाँडाकुँडा बरामद गरी नष्ट गरिएको छ । भट्टी सञ्चालन गर्ने व्यक्तिहरू फरार छन् र उनीहरूको खोजी जारी रहेको एसपी कार्कीले जानकारी दिए ।

# वीरगंज कपडा बैंकलाई कपडा सहयोग

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा जागृति महिला मिसनले वीरगंज कपडा बैंकलाई कपडा सहयोग गरेको छ । मिसनकी अध्यक्ष सुधा मिश्राको नेतृत्वमा रितु श्रेष्ठ, सरिता श्रेष्ठ, उषा प्रधान, गिन्नी झा, रिता ताम्राकार, राजकुमारी झा र अर्चना राज गुप्ताले २ बोरा, १ ब्याग र ६ झोला कपडा बैंकका अध्यक्ष लालबाबु सिंहलाई हस्तान्तरण गरे । कार्यक्रममा बैंकका सचिव कन्हैया पटेल, कार्यालय सहयोगी शोभा देवीलगायतको सहभागिता थियो ।
अध्यक्ष मिश्राले वीरगंज कपडा बैंकले गरिब, असहाय, आगलागी र बाढीपीडितलाई निस्वार्थरूपमा सेवा दिइरहेको बताउँदै, आगामी जाडो मौसममा पनि न्यानो कपडाको व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।
बैंकका अध्यक्ष लालबाबु सिंहले महिला मिसनले समाजसेवा र महिला सशक्तिकरणमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको भन्दै कपडा सहयोगका लागि धन्यवाद व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रहने आशा व्यक्त गरे । साथै उनले जाडो मौसम नजिकिँदै गरेकोले न्यानो कपडा र कम्बल सहयोग गर्न सबैलाई आग्रह गरे ।

# जेन्जी जनमत युवा संघ गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर ३, बहुदरमाई नगरपालिका वडा नम्बर १ बिश्रामपुरमा जेन्जी जनमत युवा संघ गठन भएको छ । केन्द्रीय सदस्य मालती कुशवाहाको पहल र विजय कुशवाहाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जेन्जी जनमत युवा संघको २१ सदस्यीय समिति र ११ सदस्यीय युवा दस्ता गठन गरिएको हो । नवगठित समितिका अध्यक्ष रमन अन्सारी, कोषाध्यक्ष कमलेश यादव, सचिव विकास कुशवाह, सहसचिव रोमन यादव, र सदस्यहरूमा सुरेश कुशवाहा, सन्देश यादव, उपेन्द्र कुशवाहा, अमृत कुशवाहा, विजय शाह तुराहा, निकेश पटेल, दिनेश शाह, सागर कुशवाहा, गोपी यादव र असलमान अन्सारी छन् । युवा दस्ताको अध्यक्षमा अदेश कुशवाहा चयन भएका छन् । कार्यक्रममा महानगर अध्यक्ष संजय सिंहलगायत ६० जेन्जी जनमत बुद्धिजीवीको उपस्थिति थियो ।

सम्पादकीय

# मुख्यमन्त्रीलाई विश्वासको मत

मधेश प्रदेश सरकारका मुख्यमन्त्री जितेन्द्र प्रसाद सोनार (सोनल)ले आज शनिशार मधेश प्रदेश सभामा विश्वासको मत लिने तालिका छ । यसैका लागि शनिबार बिदाका दिन पनि दिउँसो १ बजे प्रदेश सभा बैठक आह्वान गरिएको छ । विश्वासको मत लिने कार्यसूची नै बैठकको मूल एजेन्डा हो। विभिन्न दलका ५६ जना प्रदेशसभाको समर्थनमा सोनल मुख्यमन्त्रीमा नियुक्त भएपछि एक महिनाभित्र विश्वासको मत लिनु पर्ने कानूनी प्रावधानका कारण उनले आज विश्वासको मत लिने तालिका सार्वजनिक भएको हो । तत्कालीन मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएपछि प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा (२) बमोजिम नयाँ सरकार गठनका लागि आह्वान गर्दा सोनललाई मुख्यमन्त्रीमा नियुक्त गर्न त्यतिदेर पाँच दलले दाबी पेश गरेका थिए।

सोनलको पार्टी लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीले सोनललाई मुख्यमन्त्रीका लागि दाबी पेश गरेका थिए । सरकारमा दाबी गर्ने समयमा पाँच दल रहे पनि अहिले सोनलको नेतृत्वको सरकारलाई नागरिक उन्मुक्ति पार्टी र रिजवान अन्सारीको नेपाल संघीय समाजवादी पार्टीले समेत समर्थन गरेपछि उनी यसै पनि प्रदेश सरकारको मुख्यमन्त्रीमा बलियो उम्मेदवार बनेका छन् । शुक्रबार रातिसम्मको अंकगणितमा उनलाई बहुमत पुग्ने देखिएको छ।

दुई पार्टीले समर्थन गरेपछि सोनल सरकारलाई ५७ मत पुग्ने देखिन्छ। १ सय ७ सदस्यीय प्रदेश सभामा हाल १ सय ४ जना कायम छन् । जनमत पार्टीका दुई सांसद सतिश कुमार सिंह र त्रिभुवन साह अनुपस्थित नै भएको अवस्थामा पनि सोनललाई बहुमत पुग्ने देखिएको छ । अर्कातिर अदालतले जनमत विभाजनमा हालको अवस्थामा यथावत राख्न भनेकै छ।

# राजनीतिक पाठशालाको सन्देश



डा दीपेन्द्र रोकाया

नेपाल पुनःएक ऐतिहासिक सङ्क्रमणको चौराहामा उभिएको छ। गणतन्त्र, सङ्घीयता र लोकतन्त्रको संस्थागत यात्रामार्फत देशले राजनीतिक रूपान्तरण र अनुभव गर्‍यो, तर स्थायित्व र सुशासनका अपेक्षित परिणाम अझै हासिल गर्न सकेको छैन। संविधानले राजनीतिक ढाँचा र शासन व्यवस्थाको आधार तय गरिसकेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयनमा अझै चुनौती बाँकी छ।

मुलुकले रूपान्तरणको स्वाद चाखिसकेको छ, तर अब स्थायित्व, सुशासन र जनउत्तरदायित्वको यात्रामा प्रवेश गर्नुपर्ने आवश्यकता तीव्र बनेको छ। यसबीच, नेपालको राजनीति फेरि उथलपुथलको नयाँ चरणमा प्रवेश गरेको छ । प्रमुख दलभित्र सङ्गठनात्मक सङ्कट, वैचारिक द्वन्द्व र नेतृत्वको पुनसंरचना तीव्र बनेका छन् । सत्ताको समीकरणमा हुने बारम्बारको फेरबदलले जनताको भरोसा कमजोर बनाएको छ। यसैबीच, युवा पुस्ताबाट उठेको जेनजी आन्दोलनले दल–राज्य सम्बन्ध र जन–राजनीतिक चेतनामा नयाँ चुनौती र सम्भावना दुवै सिर्जना गरेको छ । यो आन्दोलनले पुरानो राजनीतिक संस्कृतिमा वैकल्पिक सोचको प्रवेश गराएको छ।

यस पृष्ठभूमिमा नेपाल साँच्चिकै एउटा राजनीतिक पाठशाला बनेको छ। जहाँ हरेक असफलता, आन्दोलन र सत्तापरिवर्तनले नयाँ पाठ सिकाइरहेको छ । कतिपयले यसलाई राजनीतिक प्रयोगशाला भन्छन्, तर यथार्थमा राजनीतिशास्त्रको विद्यार्थी हुनुले भन्नै पर्दछ– नेपाल लोकतन्त्र, सङ्घीयता र समाजवादोन्मुख शासनको अभ्यासको गतिशील विद्यालय बन्न गएको छ । स्थापित प्रमुख दलले अहिले आन्तरिक सङ्कटको सामना गरिरहेका छन् । नेतृत्वमा उत्तराधिकारको स्पष्ट नीति छैन, वैचारिक आधार कमजोर छ, साङ्गठनिक एकता गुटबन्दीले ग्रसित छ र कार्यकर्ता स्तरमा निराशा बढ्दो छ । महाधिवेशनका माग तीव्र छन्, तर ती बहसका मञ्चभन्दा औपचारिकता बन्न पुगेका छन् । पुराना सबै दलले समाजवादोन्मुख, प्रगतिशील र जनमुखी नारा लगाइरहेका छन्, तर व्यवहारमा नीति र कार्यक्रममा वैचारिक स्पष्टता छैन । राजनीतिक विचारभन्दा शक्ति सन्तुलन र गठबन्धनको अङ्कगणित प्रमुख बनेको छ।

पछिल्ला वर्षमा सबै दलभित्र फुटजुटको श्रृङ्खला दोहोरिरहेको छ। यी फुटहरू विचारका कारण होइनन्, अवसर र व्यक्तिगत महत्वाकांक्षाका कारण हुन् । यसले दलहरूको आन्तरिक स्थायित्व कमजोर बनाएको छ र राज्यसत्तामा अस्थिरता निम्त्याएको छ। दलभित्र पद, अवसर र जवाफदेहिता नहुँदा कार्यकर्ता निराश छन्। युवाको ठूलो हिस्सा वैकल्पिक आन्दोलनतर्फ मोडिँदैछन् । कोही स्वतन्त्र अभियानमा, कोही नागरिक दबाब समूहमा, कोही प्रत्यक्ष सडक आन्दोलनमा देखिनुका कारण नै यही हो । यसले दलमुखी राजनीतिमा अविश्वास बढाएको छ।

यही सन्दर्भमा जेनजी आन्दोलनलाई बुझ्नुपर्छ। यो आन्दोलन कुनै दलको निर्देशनमा होइन, स्वतःस्फूर्त रूपमा युवाको असन्तोषको विस्फोट थियो। बेरोजगारी, भ्रष्टाचार, नातावाद र अवसर–अभावले युवापुस्तालाई आक्रोशित बनाएको थियो । जब सरकारले अभिव्यक्तिको स्वतन्त्रता र सामाजिक सञ्जालमा नियन्त्रण गर्ने प्रयास गर्‍यो, तब जनचेतनामा आगो बल्यो। यो आन्दोलनले स्पष्ट सन्देश दिएको छ कि अब युवा केबल दर्शक होइन, परिवर्तनका चालक शक्ति हुन्। सकारात्मक रूपमा हेर्दा, जेनजी आन्दोलनले उत्तरदायी नागरिक चेतनाको विकास गराएको छ । राज्यसत्ता र नागरिकबीचको सम्बन्ध पुनःपरिभाषित भएको छ।

राजनीतिक दलहरूका लागि यो चेतावनी र अवसर दुवै हो । यदि तिनीहरूले युवाको आवाज आत्मसात् गर्नसके भने पुनर्जीवनको सम्भावना छ, अन्यथा जनविश्वास झन् टाढा जानेछ। नेपालको राजनीति सधैँ क्षेत्रीय र अन्तरराष्ट्रिय शक्ति केन्द्रहरूको दृष्टिमा रहँदै आएको छ। भारत, चीन र पश्चिमी मुलुकहरूले नेपालको राजनीतिक प्रक्रियामा प्रभाव पार्ने प्रयास नगरेका होइनन् । तर अहिलेको असन्तुलनको मुख्य कारण विदेशी चलखेल भनेर चर्चा गर्नुभन्दा पनि आन्तरिक कमजोरी हो भनी स्वीकार्नु पर्दछ। वैचारिक अस्पष्टता, नीतिगत अस्थिरता र भ्रष्टाचारले विदेशी हस्तक्षेपका ढोका आफैँ खोलिदिएका छन्। त्यसैले जिम्मेवारी नेपाली नेतृत्वकै हो। जसले राष्ट्रिय हित, स्वायत्त नीति र जनअपेक्षाबीच सन्तुलन कायम गर्नुपर्छ । नेपालको राजनीतिक रूपान्तरणको आगामी चरण दलभित्रको सुधारमा निर्भर छ। राज्यका संयन्त्रहरू दल प्रधान छन्। त्यसैले स्थायित्वको आधार पनि दलहरूको आन्तरिक स्थायित्व हो। निर्वाचन समयमै हुनुपर्छ; जनमत प्राप्त नेतृत्व नै स्थिर सरकारको आधार हो। ढिलाइ र असंवैधानिक उपायले लोकतन्त्रको अभ्यासलाई कमजोर बनाउँछ । दलहरूको साङ्गठनिक लोकतन्त्र केबल विधानमा होइन, व्यवहारमा देखिनुपर्छ । पार्टीका महाधिवेशन केबल पद बाँडफाँटको औपचारिकता होइन, विचार र नीतिको प्रतिस्पर्धा हुने मञ्च हुनुपर्छ। नेतृत्व हस्तान्तरणको स्पष्ट प्रक्रिया र नयाँ पुस्ताको सहभागिता सुनिश्चित गर्नसकेमात्र दलहरूको पुनर्जागरण सम्भव हुन्छ।

राजनीतिक सङ्घीयता मात्र होइन, प्रशासनिक र वित्तीय सङ्घीयता पनि कार्यान्वयन हुनुपर्छ। प्रदेश र स्थानीय तहलाई अधिकार, स्रोत र स्वतन्त्रता दिएर राज्य संरचना सुदृढ गर्न सकिन्छ। सङ्घीयता जनताको नजिक सरकार पुर्‍याउने माध्यम हो।

त्यसैले स्थानीय तहलाई बलियो बनाउन आर्थिक स्वायत्तता अनिवार्य छ । संविधानको मर्मअनुसार समाजवादोन्मुख शासनको कार्यान्वयनका लागि सार्वजनिक संस्थानहरू पारदर्शी र उत्तरदायी हुनुपर्छ । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक सुरक्षामा समान अवसर सुनिश्चित नगरी समाजवादको लक्ष्य पूरा हुन सक्दैन । राजनीतिक नेतृत्वको पहिलो जिम्मेवारी अब जनविश्वास पुनःस्थापना गर्नु हो । व्यक्तिगत स्वार्थ र गुटगत हितभन्दा माथि उठेर सेवा–केन्द्रित राजनीति गर्नसके मात्र लोकतन्त्र बलियो हुन्छ। जनतासँग प्रत्यक्ष संवाद, पारदर्शीता र परिणाममुखी शासनको अभ्यासले मात्र लोकतन्त्रलाई सार्थक बनाउँछ।

नेपालको राजनीतिक यात्रा अहिले पुनर्विचारको चरणमा छ । प्रमुख दलहरू महाधिवेशनको तयारीमा छन्, नयाँ विचार र नयाँ पुस्ता प्रवेशको अपेक्षा बढेको छ। यी प्रक्रियाहरूले सङ्केत गर्छन् कि नेपाल नयाँ राजनीतिक चरणमा प्रवेश गर्दैछ। यदि दलहरूले यस अवसरलाई आत्मसुधार र जनसेवाको माध्यम बनाउँछन् भने नेपालको राजनीति स्थायित्व र रूपान्तरणको नमुना बन्न सक्छ । तर, पुनःअतीतका गल्तीहरू दोहोरिए भने नयाँ पुस्ताले आफ्नै बाटो रोज्नेछ, जुन अब अनिवार्य पनि देखिँदैछ।

नेपालमा राजनीतिक प्रयोग धेरै भयो, तर सबैको सिक्ने प्रवृत्ति कमजोर रह्यो। अब हरेक असफलतालाई शिक्षामा रूपान्तरण गर्न सक्नुपर्छ। यही प्रक्रिया नै नेपालको लोकतान्त्रिक अभ्यासको सार हो। नेपाल साँच्चिकै राजनीतिक पाठशाला हो । जहाँ गल्तीमै पनि सिकाइ छ, सङ्घर्षमै पनि सम्भावना छ । आज दलहरू अलमलमा छन्, तर समयले उनीहरूलाई आत्मसुधारको अवसर दिइरहेको छ।

नेपालको भविष्यको दिशानिर्देश अब स्पष्ट हुनुपर्छ । सुशासन, सामाजिक न्याय र समृद्धिको बाटोमा समाजवादोन्मुख नीति–व्यवहारलाई मूर्त रूप दिनुपर्छ । नेपालको राजनीतिक पाठशालाको अन्तिम सन्देश के हो भने राजनीति अब पदको होइन, परिवर्तन र जनसेवाको अभ्यास बन्नुपर्छ। रासस

# ‘सुत्र’ कार्यान्वयनः मलेनिका र पालिका आपसी दोषारोपण

विसं २०७६ वैशाख १७ गते मन्त्रिपरिषद्ले सबै स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) अनिवार्य रूपमा लागू गर्ने निर्णय गर्‍यो। यो निर्णयको उद्देश्य स्थानीय तहमा पारदर्शिता, एकरूपता र डिजिटल लेखा प्रणालीको विकास थियो । छ वर्षभन्दा बढी समय बितिसक्दा पनि सुत्र प्रणाली पूर्ण रूपमा लागू भएको छैन।

सुत्र प्रणालीमा स्थानीय तहको आय–व्ययको अनुमान, बजेट स्वीकृती, धरौटी, राजस्व बाँडफाँट, तलबी विवरण, राजस्व तथा अनुदानलगायत विवरण समावेश हुन्छन् तर स्थानीय तहले ती विवरण यो प्रणालीमा राख्नेभन्दा पनि निजी क्षेत्रबाट खरिद गरी आफ्नो छुट्टै सफ्टवेयर प्रणालीलाई बढावा दिँदा यो पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको हो । यसले सङ्घीयता कार्यान्वयनमा मात्र नभई स्थानीय तहको वित्तीय अनुशासन र सुशासनमासमेत गम्भीर प्रश्न उठाएको छ।

महालेखा नियन्त्रक कार्यालय (मलेनिका)का अनुसार अधिकांश पालिकाले आफ्नो बजेट (आय–व्यय)को अनुमान सुत्र प्रणालीमार्फत व्यवस्थापन गर्न थालिसकेका छन् तर राजस्व बाँडफाँटको काम ९० वटा पालिकाबाट मात्र सुत्र प्रणालीबाट हुन्छ। तलबी विवरण ६ सय ८३ वटा पालिकाले यस प्रणालीबाट व्यवस्थापन गरिरहेका छन् । राजस्व ढाँचा पूर्ण रूपमा कार्यान्वयन गर्ने पालिकाको संख्या ५ सय ८३ छ भने ६ सय ४० वटा पालिकाले आंशिक रुपमा मात्र प्रयोग गरेका छन्।

मलेनिकाबाट सञ्चालन र व्यवस्थापन भइरहेको सुत्र प्रणाली लामो समयसम्म पनि पूर्ण रुपमा कार्यान्वयनमा आउन नसक्नुमा मलेनिका र स्थानीय तहका आआफ्नै तर्क छन्। यो प्रणाली सञ्चालनका लागि आर्थिक तथा प्राविधिक चुनौती, दक्ष जनशक्ति अभाव, स्थानीय तहको अटेरी, मलेनिकाको कमजोर पहलकदमी पनि हो । पर्याप्त स्रोत साधन नभएका स्थानीय तह मात्र नभई सुविधासम्पन्न पालिकाहरुले पनि सुत्र प्रणालीलाई पूर्ण रुपमा कार्यान्वयन गरेका छैनन्। देशका छ वटै महानगरपालिकाले सुत्रलाई पूर्णरुपमा कार्यान्वयन गर्न तदारुकता देखाएका छैनन् । अन्य पालिकाको तुलनामा पोखरा महानगरपालिकाको प्रगति देखिएपनि अरु महानगरले भने आफ्नो छुट्टै राजस्व प्रणाली चलाइरहेका छन्।

वीरगंज महानरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णका अनुसार निजी क्षेत्रबाट सेवा लिइरहेको सफ्टवेयर पहिल्यैदेखि सञ्चालन भइरहेको र त्यसको डेटा सुत्र प्रणालीमा सार्न कठिनाई भएकाले समस्या भएको छ। ‘हामीले पहिल्यैदेखि निजी क्षेत्रबाट सेवा लिएर सफ्टवेयर प्रयोग गरिरहेका छौँ। त्यो प्रणालीमा काम गरिरहेको र सजिलो पनि भएकाले त्यसलाई निरन्तरता दिएका छौँ,’ उनले भने, ‘सुत्र प्रणाली अवलम्बन गर्न समस्या छैन तर डेटा सार्न समय लाग्छ । सुरक्षित रुपमा तथ्याङ् प्रणालीमा प्रविष्ट गर्नुपर्छ।’

वीरगंज महानगरपालिकाले वार्षिक दुई लाख ५० हजार रुपैयाँ खर्चेर निजी क्षेत्रको साङ्ग्रिला सफ्ट्वेयर प्रयोग गर्दै आएको छ। चालु आर्थिक वर्षका लागि पनि सम्झौता भइसकेकाले यसवर्ष पूर्ण रुपमा सुत्र प्रणाली कार्यान्वयन नहुने महानगरपालिकाको भनाइ छ । प्राविधिक समस्या पनि समाधान भएका छैनन्।

महानगरपालिकाको राजस्व व्यवस्थापन महाशाखाका इन्जिनियर मनोज कर्णले लेखा शाखा र राजस्व शाखाले फरक–फरक बैंकमार्फत कारोबार गरेकोदेखि सुत्र प्रणालीमा तथ्याङ् सार्न नसकेको र फाइलहरु अपलोड गर्न नसकेका समस्या सुनाए । सुत्र प्रणालीलाई आंशिक रुपमा प्रयोग गर्दै गएपनि तत्काल सबै काम यही प्रणालीबाट गर्न नसकिने र पुरानो सफ्टवेयर बन्द गर्ने अवस्था छैन।

‘हामीले प्रयोग गरिरहेको सफ्टवेयरको डेटा प्रविष्टि प्रणाली र सुत्रको प्रणाली फरक छ । हामीसँग २०५५ सालदेखिको राजस्व बक्यौता छ। पुरानै प्रणालीबाट हेर्नुपर्ने हुन्छ। यसकारण अहिले तत्काल सुत्र प्रणाली मात्रै चलाउन सक्ने अवस्था छैन,’ उनले भने । सुत्र प्रणालीमा फाइलहरु पिडिएफ वा अन्य डिजिटल फर्म्याटमा राख्न नमिल्ने भएका कारण पनि पुरानै सफ्टवेयरलाई निरन्तरता दिइएको उनले उल्लेख गरे।

लामो प्रयास गर्दा पनि महालेखा नियन्त्रक कार्यालयले ‘डेटा माइग्रेसन’ नगरिदिएपछि सुत्र प्रणाली पूर्ण कार्यान्वयन गर्न नसकेको गुनासो विराटनगर महानगरपालिकाको छ । सम्पत्ति करको ३०–३५ वर्षदेखिको बक्यौताको विवरण सुत्र प्रणालीमा प्रविष्टि गर्न नसकेपछि महानगरले पुरानै सफ्टवेयरबाट काम गरिरहेको छ । सुत्र प्रणालीमा प्राविधिक समस्या देखिएमा तत्काल समाधान गर्न कठिन हुने गरेको गुनासो पनि स्थानीय तहहरुले गर्दै आएका छन्।

नेपाल नगरपालिका सङ्घका अध्यक्ष तथा नीलकण्ठ नगरपालिकाका नगरप्रमुख भीमप्रसाद ढुङ्गाना सुत्र प्रणालीमा पटक–पटक समस्या आउन थालेको भनेर देशभरका नगरपालिकाबाट लामो समयदेखि गुनासो गरिरहेको बताउँछन् । ‘केही समय अगाडि रातिको समयमा मात्रै चल्थ्यो, जसकारण हामीले रातमा चेक काट्नुपर्ने हुन्थ्यो। हाल राति पनि चल्न छाडेको छ। धेरै स्थानबाट सुत्र सुस्त भएको गुनासो आइरहेको छ । यसबारे मैले मलेनिकालाई पटकपकट भन्दा पनि समस्या समाधान हुन सकेको छैन,’ नगरप्रमुख ढुङ्गानाले भने। करिब २१ हजार करदाता रहेको नीलकण्ठ नगरपालिकाले पहिलो चरणमा वडा नम्बर ३, ८, १२ को राजस्व सङ्कलन सुत्र प्रणालीबाटै गर्ने तयारी गरेको थियो । उक्त नगरपालिकाले आफै सञ्चालन गरिरहेको प्रणालीको तथ्याङ्क तथा विवरणहरु सार्न (डेटा माइग्रेसन) का लागि महालेखालाई दुई पटकसम्म पत्राचार गर्दा पनि त्यसको जवाफ नपाएको गुनासो गरेको छ।

सुत्र प्रणाली लागू गर्नु भनेर पटकपटक परिपत्र गरिएको भएपनि स्थानीय तहलाई बाध्यकारी बनाउन नसकेको उपमहालेखानियन्त्रक यज्ञप्रसाद ढकाल बताउछन । सुत्र कार्यान्वयन नगरे कारबाही हुने प्रावधान छैन। स्थानीय तहले अटेरी गर्ने, समयमा तथ्याङ्क उपलब्ध नगराउनेलगायत समस्या छन् । प्रणालीको कमजोर प्राविधिक क्षमता र जनशक्ति अभाव छ।

‘सुत्र प्रणाली कार्यान्वयनका लागि हामीले सबैभन्दा बढी क्षमता विकास र पूर्वाधारमा लगानी गर्नुपर्छ। पर्याप्त दक्ष जनशक्ति पनि छैनन,’ उनले भने । सुत्र प्रणालीमा दैनिक औसत पाँचदेखि छ हजार प्रयोगकर्ता छन् । यसको क्षमता बढाएर औसत १५ हजार जनाले चलाउँदा पनि प्रणालीमा समस्या नहुने गरी तयार पार्न आवश्यक रहेको उपमहालेखानियन्त्रक ढकाल बताउछन। स्थानीय तहलाई यो प्रणाली कार्यान्वयन गर्न बाध्यबारी बनाउने र त्यसका लागि केही हस्तक्षेप गर्ने हो भने सुधार हुने उनलाई लाग्छ।

सुत्र कार्यान्वयनबाट राजस्वको पारदर्शिता, सञ्चित कोषमा हुने अनियमितता नियन्त्रण, एकीकृत वित्तीय तथ्याङ्क प्रणालीको विकास, नीति निर्माणका लागि सही तथ्याङ्कमा आधारित निर्णय, लेखापरीक्षणलगायत प्रक्रियालाई सहज बनाउनु हो । यो प्रणाली कार्यान्वयनमा समस्या भएपछि लक्ष्य प्राप्तिमा चुनौती थपिएको छ । महालेखापरीक्षकको ६२औँ प्रतिवेदनमा सुत्र प्रणालीको प्रभावकारी कार्यान्वन नहुँदा स्थानीय तहको वित्तीय विवरणको विश्वसनीयतामा प्रश्न उठाइएको छ।

‘महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको कोष व्यवस्थापनका लागि सुत्रको प्रयोग गरे तापनि राजस्व, धरौटी तथा विभिन्न कोषहरु प्रणालीमा पूर्ण रुपमा समावेश भएका छैनन्,’ महालेखापरीक्षकको प्रतिवेदनमा भनिएको छ, ‘स्थानीय तहले स्थापना गरेका धरौटीसमेतका विभिन्न कोष सुत्रमा आवद्ध नहुँदा प्रणालीबाट तयार हुने वित्तीय विवरणको विश्वसनियता कम भएको हुनाले सबै कारोबारलाई प्रणालीमा समावेश गर्नुपर्छ।’

संभावित जोखिम र भावी कार्यदिशा ः

स्थानीय तहहरूले मनपरी सफ्टवेयर वा म्यानुअल प्रणालीमार्फत सञ्चित कोष व्यवस्थापन गर्दा वित्तीय अनियमितता लुकाउने ठाउँ रहन्छ। लेखापरीक्षण गर्न कठिन हुन्छ, र सम्पूर्ण तथ्याङ्क समेटिएको केन्द्रीय ड्यासबोर्ड बन्न सक्दैन। निजी क्षेत्रबाट सञ्चालित प्रणाली चलाउँदा तथ्याङ्कमा तलमाथि हुन सक्ने र हराउने जोखिम रहने हुँदा त्यस्ता सफ्टवेयरलाई विश्वसनीय मान्न नसकिने उपमहालेखानियन्त्रक ढकाल बताउछन । सुत्र प्रणाली पूर्ण रूपमा कार्यान्वयन गर्दा निजी सफ्टवेयर खरिद, मर्मतसम्भार तथा सेवा शुल्कका रूपमा हुने जथाभावी खर्च पनि नियन्त्रण हुने छ।

तहगत सरकारबीचको समन्वय नहुँदा तथ्याङ्क दोहोरिने विसङ्गति हुनसक्छ । गलत सूचना तथा तथ्याङ्कका आधारमा नीति तथा वार्षिक बजेटलगायत योजना बन्ने जोखिम पनि उत्तिकै छ। वित्तीय प्रणालीमा विकेन्द्रीकरण वा त्यसमा पारदर्शिता नभएसम्म सङ्घीयता केवल नाम मात्रको रहन्छ। यस्तो प्रणालीविहीन अवस्थाले अन्ततः सङ्घीय शासनमा जनताको विश्वास डगमग्याउने सम्भावना रहन्छ।

सुत्र कार्यान्वयनमा भएको ढिलाइका पछाडि सबै तह उत्तिकै जिम्मेवार रहेका यो प्रणालीको प्रभावकारिताका जानकार बताउँछन् । उनीहरूका अनुसार सङ्घीय सरकारले नीति निर्माण, सफ्टवेयर निर्माण तथा अनुगमन, प्रदेश सरकारले प्राविधिक तथा प्रशासनिक समन्वय र स्थानीय सरकारले कर्मचारीको क्षमता विकास तथा प्रणालीको नियमित प्रयोगलाई प्राथमिकता दिनुपर्छ । सङ्घीय सरकारले कार्यान्वयन निर्देशिका, स्पष्ट समयसीमा र परिणामअनुसार मूल्याङ्कन प्रणालीको विकास गर्न उत्तिकै जरुरी छ।

सुत्र प्रणाली प्रविधिको मात्र नभइ स्थानीय तहका लागि वित्तीय अनुशासन, पारदर्शिता, र सुशासन कायम गर्ने महत्वपूर्ण आधार हो । सरकारी निर्णय कार्यान्वयन हुन छ वर्षभन्दा बढी समय लाग्नुले यसप्रति राज्य संयन्त्रको असहयोग भएको टिप्पणी उनीहरूको छ।रासस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउनु सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# रास्वपाको विस्तारित बैठक सौराहामा शुरु



**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को विस्तारित बैठक सौराहामा शुरु भएको छ । बिस्तारित बैठक शुरु हुनुअघि शुक्रबार बिहान पार्टीको केन्द्रीय समितिको बैठकले कार्यतालिका अनुमोदन गरेको हो ।

पार्टीका प्रवक्ता मनिस झाका अनुसार कार्यतालिकासँगै पार्टीको आन्तरिक र राजनैतिक विषयमा छलफल भएको हो । केन्द्रीय समितिको बैठकपछि विस्तारित बैठक शुरु भएको उनले बताए । दुई दिन चल्ने बैठकमा महामन्त्री कविन्द्र बुर्लाकोटीले साङ्गठनिक र सहमहामन्त्री विपिन आचार्यले उम्मेदवार चयनको विधिसम्बन्धी प्रतिवेदन पेस गर्ने तालिका रहेको छ ।

विस्तारित बैठकले पार्टीको आगामी रणनीति तय गर्नेछ । बैठकमा पार्टीका कार्यवाहक सभापति डोलप्रसाद अर्यालले राजनीतिक र अर्का उपसभापति डा स्वर्णिम वाग्लेले आगामी निर्वाचनका लागि प्रतिबद्धता पत्रको मस्यौदा पेस गर्ने छन् । बैठकमा प्रदेश सभापतिहरूले प्रदेशभित्रका जिल्लाको पार्टी सङ्गठनको अवस्था बारेमा धारणा राख्ने छन् । पार्टीका केन्द्रीय सदस्य राजन गौतमका अनुसार बैठकमा पेस गरिएका प्रतिवेदनमाथि प्रतिनिधिहरूले सुझाव राख्ने र ती सुझावलाई समेत समेटेर परिमार्जन गर्नुपर्ने देखिए परिमार्जनसहित विस्तारित बैठकले पारित गर्ने छ । बैठकमा पार्टीले आगामी फागुनमा तोकेको महाधिवेशनका बारेमा पनि छलफल हुने जनाइएको छ ।

बैठकमा पार्टी केन्द्रीय सदस्य, सचिवालय सदस्य, सल्लाहकार परिषद्का सदस्य, केन्द्रीय विभागका पदाधिकारी, प्रदेशका सचिवालय सदस्य, प्रतिनिधिसभा निर्वाचन क्षेत्रीय सभापति, जिल्ला सभापति, विदेशमा रहेका पार्टी सङ्गठनका पदाधिकारी तथा पालिकाका सभापतिहरूसहित ५१२ जना प्रतिनिधि सहभागी छन् ।रासस

# 'जेन्जी'को चाहना पूरा गर्न प्रहरीको सहयोग हुन्छः कार्की

**काठमाडौँ ।**
काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्कीले विकास निर्माण, सुशासन र भ्रष्टाचाररहित समाज निर्माण गर्ने जेन्जीको चाहनालाई प्रहरीले पूरा गर्ने बताएका छन् ।

'जेन्जी' आन्दोलनका क्रममा आगजनी भएको प्रहरी प्रभाग नयाँ बसपार्कको भवन पुनर्निर्माण तथा हस्तान्तरण कार्यक्रममा उनले जेन्जी आन्दोलनको अपेक्षा आम नागरिकको अपेक्षा भएकाले यसलाई पूरा गर्न प्रहरीले प्रयास गर्ने बताए ।




प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले गोँगबु र नयाँबसपार्क क्षेत्र सुरक्षाको दृष्टिकोणले एकदमै संवेदनशील क्षेत्र भएकाले यस क्षेत्रको सुरक्षाका लागि प्रहरीसँगै नागरिकको पनि भूमिका अपरिहार्य रहेको उल्लेख गरे । 'गोँगबु क्षेत्रमा दैनिक आठदेखि १० हजार मानिसहरु आवतजावत गर्ने गरेका छन्, प्रत्येक नागरिकको सुरक्षा गर्ने दायित्व राज्य र नेपाल प्रहरीको हो,' उनले भने । जहाँ धेरै मानिसको आवतजावत हुन्छ त्यहाँ धेरै अपराध हुने गरेको उनको भनाइ छ ।

प्रहरी अतिरिक्त महानिरीक्षक कार्कीले जेन्जी आन्दोलनका क्रममा उपत्यकाभित्रका १९३ प्रहरी कार्यालयमा क्षति भएकामा हालसम्म १ सय ८० भवन नागरिकको सक्रियतामा पुनर्निर्माण भइसकेको बताए । उनले नयाँ भवनबाट प्रहरीले उच्च मनोबलका साथ काम गर्ने विश्वास व्यक्त गरे । टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले समुदाय स्तरबाट प्रहरी भवन बनेर समाजप्रति प्रहरीको औचित्यलाई पुष्टि गरेको बताए । कार्यक्रममा प्रहरी प्रभाग नयाँबसपार्कको भवन पुनर्निर्माणमा सहयोग गर्ने विभिन्न सङ्घसंस्थालाई सम्मान गरिएको थियो । रासस

# प्रदेश कानूनका व्यवस्था सङ्घीय सरकारले हटाउन नमिल्ने



**काठमाडौँ ।**
सङ्घीयसहित प्रदेशसभाका सभामुखहरूको बैठकले प्रदेश कानूनमा भएका व्यवस्थालाई सङ्घीय सरकारले हटाएको विषयलाई पुनरावलोकन गर्न अनुरोध गरेका छन् । प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेको आमन्त्रणमा सातवटै प्रदेशसभाका सभामुखसँग शुक्रवार सिंहदरबारमा भएको छलफलमा सङ्घीय सरकारको सो निर्णयले विधिको शासन कायम नहुने स्थिति बनेको निष्कर्ष निकालिएको हो ।

बैठकले जेन्जी प्रदर्शनका क्रममा राष्ट्रियसभा, प्रतिनिधिसभा, प्रदेशसभामा भएको क्षति आँकलन गरी तत्काल वैकल्पिक व्यवस्थामार्फत सभा सञ्चालन गर्ने वातावरण बनाउन र पुनर्निर्माण अघि बढाउन सरकारसँग आग्रह गरेको सभामुख घिमिरेका प्रेस सल्लाहकार शेखर अधिकारीले जानकारी दिए ।

उनका अनुसार बैठकले प्रदेश संरचना÷संस्थाको सुरक्षाका लागि विशेष सुरक्षा व्यवस्थापन गर्न सरकारलाई अनुरोध गर्ने निर्णय गरेको छ । जनप्रतिनिधिलाई जनसेवामा सहजीकरण गर्न स्वकीय सचिवालय, भौतिक स्रोतसाधनसहितको कार्यकक्ष र आवश्यक सुविधा व्यवस्थापन गर्न अध्ययन गर्नुपर्ने निष्कर्ष निकालेको छ ।

बैठकमा सभामुख घिमिरेसहित राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहाल, उपसभामुख इन्दिरा राना, राष्ट्रियसभा उपाध्यक्ष विमला घिमिरे, प्रदेशसभाका सभामुखहरू र उपसभामुखलगायत सहभागी थिए ।रासस

# महाधिवेशन पुस मसान्तसम्म गरिसक्नुपर्छः कोइराला

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीको १५औँ महाधिवेशन पुस मसान्तसम्ममा गरिसक्नुपर्ने बताएका छन् ।

काठमाडौँमा उपलब्ध जिल्ला सभापति तथा पूर्वजिल्ला सभापतिहरूसँगको छलफलमा उनले समयको माग, वर्तमान अवस्थालगायत कारणले आगामी मङ्सिरमा महाधिवेशन गर्न सकिएन भने कुनै पनि हालतमा पुस मसान्तसम्म गरिसक्नपर्ने धारणा राखे ।

नेता कोइरालाले भने, 'आउँदो आमनिर्वाचनभन्दा पहिले महाधिवेशन सम्पन्न गरी नयाँ र ताजा नेतृत्वसहित चुनावमा जानुपर्छ । महाधिवेशन मङ्सिर मसान्तभित्रै सम्पन्न गर्नुपर्ने विषय धेरै पहिलेदेखि भन्दै आएको छु ।'

महाधिवेशनको तालिका बनाउँदा निर्वाचन आयोगले प्रकाशित गरेको तालिकासँग नबाझिने गरी बनाउनुपर्ने आवश्यतामा जोड दिँदै उनले कांग्रेस अहिले एकताबद्ध, गम्भीर, जिम्मेवार र संयम भएर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

उनले भने, 'पार्टीसँग सम्बद्ध सबैले राष्ट्र, जनता र लोकतन्त्रलाई प्राथमिकतामा राख्नुपर्छ । विगतमा पार्टीले थुप्रै आरोहअवरोह व्यहोरेकाले आगामी दिनमा एकता नै बल हो भन्ने भावनानुसार एक हुनैपर्छ ।' आफूले पार्टीमा एकता, मेलमिलाप चाहेको बताउँदै उहाँले गुट, उपगुट र फुटको अन्त्य गर्न कोही कसैप्रति आग्रह–पूर्वाग्रह नराखी अघि बढ्नुपर्ने आवश्यकता औँल्याए नेता कोइरालाको सचिवालयले जनाएको छ ।

नेता कोइरालाले भने, 'देशभरका इमानदार, निष्ठावान् र निरन्तर क्रियाशील रहेका साथीहरूले पार्टीलाई बचाइरहनुभएको छ ।

पार्टीका लाखौँ शुभेच्छुकहरू र बाह्य सबै पक्षले अहिले कांग्रेसको निर्णय हेरिरहेका छन्, पर्खिरहेका छन् ।' रासस

# माओवादी केन्द्र निष्क्रिय नगर्न माग

**काठमाडौँ।**
नेकपा (माओवादी केन्द्र) लाई निष्क्रिय नगर्न माग गर्दै निर्वाचन आयोगमा निवेदन दर्ता गरिएको छ । सन्दीप पुनले शुक्रबार आयोगमा दर्ता गरेको निवेदनमा माओवादी केन्द्रको वैधानिक अस्तित्व कायम रहेको दाबी गर्दै आयोगलाई पार्टीको नाम, झण्डा, चुनाव चिह्न र मार्गदर्शक सिद्धान्त फ्रिज नगर्न आग्रह गरिएको छ।

आयोगका अनुसार सो निवेदन प्राप्त भए पनि कुन कानूनी आधारमा दर्ता गरिएको हो भन्ने विषयमा विस्तृत विवरण नआएको बताइएको छ । आयोगले भने निवेदनलाई सामान्य रूपमा ग्रहण गरेको जनाएको छ।

निवेदक पुनका अनुसार माओवादी केन्द्र कुनै अन्य दलसँग विलय वा मर्ज भएको छैन, र पार्टीको दार्शनिक मान्यता तथा माओवादी विचारधारा त्याग्न नसकिने भएकाले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) वैधानिक रूपमा यथावत रहनुपर्ने हुन्छ।

उनले दाबी गरेका छन्, पार्टी कार्यसमिति महाधिवेशन आयोजक समितिमा रूपान्तरण भए पनि सो समितिले नयाँ कार्यसमिति गठन नभएसम्म केवल कामचलाउ स्वरूपमा रहने भएकाले त्यसले दीर्घकालीन निर्णय गर्न सक्दैन।

पुनले आयोगलाई सम्बोधन गर्दै माओवादी केन्द्रको ऐतिहासिक जनयुद्ध, हजारौं शहीद, घाइते र बेपत्ताहरूको बलिदानबाट आएको परिवर्तन माओवादी सिद्धान्तमा आधारित रहेको भन्दै आयोग कुनै दबाब वा प्रभावमा नपरी निष्पक्ष निर्णय गर्नुपर्ने आग्रह गरेका छन्।

निवेदनमा चेतावनी दिँदै भनिएको छ, 'यदि पार्टीको नाम, झण्डा र चुनाव चिह्न फ्रिज गरी निर्वाचनमा भाग लिन वञ्चित गराइयो भने त्यसले निर्वाचनको वैधानिकतामै प्रश्न उठाउने स्थिति सिर्जना हुनेछ।'

# चुनावका लागि ६० प्रतिशत तयारी पूरा

**काठमाडौँ।**
कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले आगामी आमनिर्वाचन तोकिएकै मितिमा हुने स्पष्ट दाबी गरेका छन् । संघीय संसद्को राष्ट्रियसभा अन्तर्गतको संघीयता सुदृढीकरण तथा राष्ट्रिय सरोकार समितिको शुक्रबार बसेको बैठकमा उनले आगामी फागुन २१ गतेका लागि आयोगले करिब ६० प्रतिशत तयारी पूरा गरिसकेको जानकारी दिए।

भण्डारीले चुनावको सम्भावनामा कुनै शंका नगर्न सर्वसाधारण नागरिक र राजनीतिक दलहरूलाई आग्रह गर्दै भने,'चुनावका लागि करिब ६० प्रतिशत तयारी पूरा भइसकेको छ । चुनाव अवश्य हुन्छ, यसबारे शंका गर्नु हुँदैन। निर्वाचनको कुनै विकल्प छैन।'

उनका अनुसार मिति घोषणा भएदेखि नै आयोग निर्वाचनसम्बन्धी सबै तयारीमा जुटेको छ र बाँकी काम पनि तोकिएको समयमै पूरा गरिनेछ । उनले शान्ति सुरक्षाको जिम्मेवारीबारे सरकारले पूर्ण सहयोग र प्रतिबद्धता जनाइसकेको भन्दै आयोग ढुक्क रहेको बताए।

उक्त समितिको बैठकमा आगामी निर्वाचनको तयारी, सुरक्षाका उपाय र राजनीतिक वातावरणबारे विस्तृत छलफल गरिएको थियो । यसैबीच, सरकार र आयोगले तयारीमा तीव्रता देखाए पनि राजनीतिक दल र सर्वसाधारणले भने निर्वाचनको वातावरण निर्माणमा ढिलाइ भइरहेको भन्दै सरकारप्रति असन्तोष प्रकट गरिरहेका छन्। दलहरू आफ्ना आ–आफ्ना रणनीतिअनुसार उम्मेदवार चयनदेखि प्रचार–प्रसारको तयारीमा जुट्न थालेका छन्।

# नेता कार्यकर्तालाई पार्टीमा फर्किन आह्वान

**काठमाडौँ।**
जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले विगतमा विभिन्न कारण र कालखण्डमा दल छाडेका सम्पूर्ण नेता तथा कार्यकर्तालाई मूलधारमा फर्कन आह्वान गरेका छन्।

ललितपुरको इमाडोलमा अध्यक्ष यादवको अध्यक्षतामा सम्पन्न केन्द्रीय समिति बैठकले विगतमा पार्टीको श्रीवृद्धि र आन्तरिक जीवनमा ठूलो योगदान पु¥याएका कार्यकर्तालाई पुरानो घरमा फर्किन आह्वान गर्ने निर्णय गरेको जानकारी दिए।

'पार्टी स्थापनाकालदेखि विगतमा जे–जस्तो कारणले असन्तुुष्ट भएर पार्टी छाडे पनि पुरानै घरमा फर्किन आह्वान गर्दछु', अध्यक्ष यादवले भने, 'जसपा नेपाल हामी सबैको साझा सङ्गठन भएकाले जुनै कारणले पार्टी परित्याग गरे पनि पुनः फर्किन कसैले अप्ठ्यारो मान्नु पर्दैन।'

अध्यक्ष यादवले पार्टीमा फर्कने नेता तथा कार्यकर्तालाइ क्षमता, दक्षता, भूमिका र योग्यताअनुसार पार्टीमा उचित स्थान र जिम्मेवारी दिइने स्पष्ट पारे । उनहरुको स्वागतका लागि पार्टीको ढोका खुला रहेको अध्यक्ष यादवले स्पष्ट पारे।रासस

# कांग्रेस महाधिवेशन सबैको सहमतिमा समयमाः शाही

**काठमाडौँ ।**
नेपाली कांग्रेस मुगुका सभापति ऐनबहादुर शाही ठकुरीले कांग्रेसको १५औँ महाधिवेशन सबै पक्षको सहमतिमा समयमै हुनुपर्ने बताएका छन् ।

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा महाधिवेशनका दुई मिति प्रस्ताव भएको सन्दर्भमा नेता शाहीले सञ्चारकर्मीसँग कुरा गर्दै दुवै पक्षले सहमति गरी सबैलाई मान्य हुनेगरी महाधिवेशन गर्न आग्रह गरेका हुन ।

उनले भने, 'पन्ध्रौँ महाधिवेशन गर्नुपर्ने मितिका सम्बन्धमा पार्टीमा अहिले दुई धार देखिएको छ, दुई पक्ष बसेर सहमतिका साथ सबैलाई मान्य हुनेगरी मिति प्रस्ताव गर्दा उपयुक्त हुन्छ ।'

जेन्जी आन्दोलनको भावनाअनुसार कांग्रेस पार्टी पनि अघि बढ्नुपर्ने धारणा व्यक्त गर्दै नेता शाहीले कांग्रेसको आगामी महाधिवेशनमा युवाको प्रतिनिधित्व बढाउन सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख गरे ।

यही कात्तिक १८ गतेको केन्द्रीय समिति बैठकमा महामन्त्री गगनकुमार थापा र सहमहामन्त्री महेन्द्र यादवले महाधिवेशनसम्बन्धी छुट्टाछुट्टै दुई तालिकासहितका व्यक्तिगत प्रस्ताव प्रस्तुत गरेका थिए ।

महामन्त्री थापाले आगामी पुस १६ देखि १९ गतेसम्म र सहमहामन्त्री महेन्द्र यादवले २०८३ वैशाख २७ देखि ३० गतेसम्म १५औँ महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए ।

कांग्रेस प्रवक्ता डा प्रकाशशरण महतले भने महाधिवेशनका सन्दर्भमा साझा कार्यतालिका प्रस्तुत गर्नेगरी केन्द्रीय समिति बैठकमा छलफल भइरहेको जानकारी दिए । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा गत असोज २८ गतेदेखि कांग्रेस केन्द्रीय समिति बैठक जारी छ ।रासस

# कर्णालीको स्याउ 'ब्रान्डिङ' गर्दै प्रेमलाल



**बाँके।**
नेपालगञ्जका फलफूल व्यवसायी प्रेमलाल साहु तेली कर्णालीको स्याउलाई पश्चिम नेपालको बजारमा स्थापित गर्न चार दशकदेखि अनवरत रूपमा लागिपरेका छन्।

कर्णाली राजमार्ग सञ्चालनमा आउनुअघि कर्णालीको स्याउ तराईका शहरहरूमा पुर्याउनु ठूलो चुनौती थियो । प्रेमलाल साहु तेलीसँग वर्षौँअघि हवाईजहाजबाट नेपालगञ्जसम्म स्याउ ढुवानी गरेर बिक्री गरेको अनुभव छ।

कमजोर ढुवानी व्यवस्थापनका कारण स्याउको गुणस्तर कायम राख्न मुस्किल थियो, तर पनि उनले कर्णालीको उत्पादनलाई बजारसम्म पुर्याउने आफ्नो प्रयास जारी राखे । 'पहिला बाटो नहुँदा हवाईजहाजबाट नेपालगञ्ज ल्याएर बिक्री वितरण गर्नुपथ्र्यो, हवाईजहाजबाट ल्याउँदा स्याउ थिचिने सड्ने जोखिम धेरै हुन्थ्यो,' उनी सम्झिन्छन्।

कर्णाली राजमार्ग सञ्चालनमा आएपछि भने ढुवानीमा क्रान्तिकारी परिवर्तन आएको छ । अहिले जुम्लाबाटै ग्रेडिङ गरेर प्याकिङ भई स्याउ सिधैँ तराईका बजारहरूमा आइपुग्छ।

'अहिले जुम्लाबाटै ग्रेडिङ गरेर प्याकिङ भएर आउने हुँदा कर्णालीको स्याउ गुणस्तरीय छ, त्यसैले विदेशी स्याउलाई विस्थापित गर्न सकेको छ,' साहु तेली भने।

विषादी प्रयोग नहुने र गुणस्तर पनि राम्रो हुन थालेपछि कर्णालीको स्याउको माग बढेको छ । नेपालगञ्जमा विगत चार दशकदेखि कर्णालीको स्याउको थोक बिक्री गर्दै आएका प्रेमलालको अनुभवमा अहिले पश्चिम नेपालको फलफूल बजारमा कर्णालीको स्याउको दबदबा छ । भारतीय स्याउको तुलनामा सस्तो र राम्रो भएकाले उपभोक्ताले यसलाई बढी रुचाएका छन्ृ।

सडक सञ्जालको सहजताले गर्दा अहिले सुर्खेत, नेपालगञ्ज, धनगढी, बुटवललगायतका शहरमा ग्राहक जुम्लाको स्याउ खोज्दै आउने गरेका छन् । हेर्दा आकर्षक र खाँदा स्वादिलो कर्णालीको स्याउ आमउपभोक्ताको रुचिमा परेको छ । अहिले नेपालगञ्ज, कोहलपुर, सुर्खेत, दाङ र बुटवलका चोकचोकमा कर्णालीको जुम्ली स्याउले बजार तानेको प्रेमलालको भनाइ छ।

नेपालगञ्जमा कर्णालीको स्याउ थोक बिक्रेता रहनुभएका प्रेमलालले यहाँबाट लुम्बिनी र सुदूरपश्चिम प्रदेशका शहरमा स्याउ बिक्री वितरण गर्छन्। कर्णालीको रेड डेलिसियस र गोल्डेन डेलिसियस जातको स्याउ बजारमा उपलब्ध छन् । नेपालगञ्जमा कर्णालीको स्याउको आयात बढ्दै गएको छ। यातायातको सिधा पहुँच भएसँगै कर्णालीको जुम्लालगायत जिल्लाबाट सुर्खेत र नेपालगञ्जमा स्याउ आउने गरेको छ।

जुम्लाका फलफूल व्यवसायी र किसानमार्फत नेपालगञ्ज र सुर्खेतमा ल्याएर थोक फलफूल व्यापारीले मागअनुसार देशभर कर्णालीको स्याउ बिक्री गर्ने गरेको प्रेमलालले बताए । उनका अनुसार गत वर्ष नेपालगञ्जबाट मात्र करिब तीन हजार क्विन्टल कर्णालीको स्याउ बिक्री भएको थियो । यो वर्ष पाँच हजार क्विन्टल बिक्री हुने अनुमान छ।

'अहिलेको उत्पादनले नेपाली बजारलाई तीन महिनालाई मात्र धानेको छ, सरकारले प्रोत्साहन गर्ने हो भने अहिलेको दोब्बर क्षेत्रफलमा स्याउ खेती गरी उत्पादन पनि दोब्बर लिन सकिन्छ,' प्रेमलालले भने, 'उत्पादन बढाएर चिस्यान केन्द्रमा राख्ने होभने नेपालको कुल स्याउ बजारको छ महिनालाई नेपाली उत्पादनले धान्ने सम्भावना र अवसर छ।'

कर्णालीमा अहिलेसम्म किसान र केही व्यवसायीले आफ्नो हिसाबले स्याउखेती गरिरहेका छन्ृ। टिपाइ, ग्रेडिङ, प्याकिङलगायतमा ध्यान दिनसके कर्णालीको स्याउ नेपालभर बिक्री गर्न सकिने व्यवसायी साहुको भनाइ छ । किसान र व्यवसायीको जोडबलमै कर्णालीको स्याउले बजार बनाएको उल्लेख गर्दै उनले सरकारले स्याउखेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहनमूलक नीति र कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिए। रासस

# धोबिनीमा मेयरकप भलिबलः कुशिनगरलाई उपाधि



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोबिनी गाउँपालिका वडा नं २ आसवारीमा भएको भलिबल फाइनल खेलमा उत्तर प्रदेशको कुशिनगरले उपाधि हात पारेको छ।

धोबिनी गाउँपालिका र बजरंग युवा क्लब आसवारीको संयुक्त आयोजनामा शुरु भएको भलिबल टुर्नामेन्टको फाइनल खेलमा सिसवालाई हराउँदै कुशिनगर विजयी भएको हो ।

बिजेताले ४० नगद र उपबिजेताले २५ हजार नगदसहित शिल्ड र ट्रफी पाएका छन् । गाउँपालिका अध्यक्ष मदन प्रसाद चौहान र गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत कृष्ण प्रसाद खतिवडाले पुरस्कार वितरण गरे ।

प्रतियोगितामा नेपाल र भारतका १० वटा क्लबले भाग लिएका थिए ।

# पाँच सयदेखि ५२ हजारसम्मका 'भोजपुरे खुकुरी'

**भोजपुर ।**
देशविदेशमा आफ्नो विशेष पहिचान बनाएको 'भोजपुरे खुकुरी' आज पनि स्थानीय कालीगढहरूको हातमै चम्किरहेको छ । भोजपुर खुकुरी उद्योगका लागि परिचित जिल्ला हो । यहाँ अहिले पनि मागअनुसारका विभिन्न प्रकारका खुकुरी तयार पारिन्छन् ।

स्थानीय खुकुरी व्यवसायी हीरा श्रेष्ठका अनुसार भोजपुरमा बन्ने खुकुरीको मूल्य न्यूनतम पाँच सय रुपैयाँ देखि अधिकतम ५२ हजार रुपैयाँसम्म पर्छ । भोजपुरे खुकुरी नेपालका विभिन्न ठाउँसँगै विदेशबाट पनि माग हुने गरेको छ ।

'यहाँका खुकुरीहरू देशभित्र मात्र होइन, विदेशसम्म निर्यात हुन्छन्,' उनले भने, 'मागका आधारमा साधारणदेखि विशेष डिजाइनका खुकुरी बनाइन्छ ।' उच्च मूल्यका खुकुरी विशेष मागका आधारमा बन्ने गरेको छ । त्यसका लागि उच्च गुणस्तरका फलाम, काँसा र काठ प्रयोग गरिने उनले बताए । भोजपुरे खुकुरीले बजारका दैनिक सामान्य माग धान्ने गरे पनि कहिलेकाहीँ ठूलो परिमाणमा माग आउँदा बजारको माग पूरा गर्न कठिन हुने पनि उनको भनाइ छ ।

परम्परागत सीप र नयाँ प्रविधिको मिश्रणसहित तयार हुने भोजपुरे खुकुरी अहिले पनि नेपाली साहस, गौरव र पहिचानको प्रतीकका रूपमा परिचित छ । भोजपुरमा आउने आन्तरिक तथा बाह्य पर्यटक भोजपुरे खुकुरीलाई 'स्मृति उपहार'का रूपमा लिएर जाने गरेका छन् । यसले यहाँको पर्यटन र स्थानीय अर्थतन्त्रमा पनि योगदान पुर्याएको स्थानीय बताउँछन् ।

पहिले हातको सहायताले मात्र बनाइने खुकुरी अहिले आधुनिक उपकरणको सहयोगमा अझ आकर्षक र बलियो बनाइन्छ । फलाम तताउने, छेउ धारिलो पार्ने, फलाम पिट्ने, बिँड लगाउने, दाप बनाउने काम अहिले पनि स्थानीय कालीगढहरूले आफ्नै सीपले गर्दै आएका छन् । भोजपुरे खुकुरी देशका विभिन्न ठाउँसँगै अमेरिका, बेलायतलगायत देशबाट पनि माग हुने गरेको व्यवसायीहरूको भनाइ छ ।रासस

# धान बेच्न किसान रातभर लाइनमा



**कैलाली ।**
यहाँको घोडाघोडी नगरपालिका–३ निम्दीका स्वरूप चौधरी शनिबार बिहानै भजनीमा धान बिक्रीका लागि पुगे ।सरकारले धानको समर्थन मूल्य तोकी धान खरिद शुरु गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनीको उपकेन्द्र भजनी गोदाममा पुगेएका स्वरुपले त्यो दिन पालो पाएनन् । उनलाई धान बेच्नका लागि चार दिन लाग्यो ।

जिल्लाको भजनी–४ का राजकुमार चौधरीलाई धान बेच्नका लागि चार दिन लाग्यो । सरकारले तोकेको मूल्यमा धान बिक्री गर्न पाइने आशाले किसान उत्साहित छन् । तर खरिद प्रक्रिया ढिलो भई लामो लाइन बस्दा पालो नआउँदा त्यो उत्साह निराशामा बदलिँदै गएको छ ।

कतिपय किसानले बिहानदेखि बेलुकीसम्म कुर्दा धान बेच्न नपाई घर फर्किनुपरेको छ । कति रातभरै केन्द्र अगाडि बस्छन्, भोलिपल्ट पहिलो पालोमा आफ्नो धान बेच्न सकुन् ।

तीन दिन भयो घर फर्किएको छैन । घोडाघोडीका किसान विष्णु चौधरी भने, 'धान बेच्न यति दुःख कहिल्यै भएको थिएन । बिहानदेखि बेलुकीसम्म लाइनमा बस्दा पालो आउँदैन, रातमा डल्लफ र धानको सुरक्षा गर्न यही बस्नुपर्छ ।'

उनिजस्तै धेरै किसान अहिले सरकारी खरिद केन्द्रमा धान बेच्नका लागि दिनरात लाइनमा उभिरहेका छन् । यस वर्ष सरकारले मोटो धानको मूल्य प्रतिक्विन्टल तीन हजार ४६३ तोकेको छ । बजारमा व्यापारीहरूले कम रकममा किन्ने गरेकाले किसान सरकारी मूल्यमा बेच्ने आशामा केन्द्रमा लामबद्ध छन् ।

जिल्लामा कात्तिक ११ गतेदेखि धान खरिद सञ्चालन गर्ने सूचना निकालिएको थियो । मौसमका कारण कात्तिक १६ गतेदेखि धान खरिद शुरु गरेको भजनी खरिद उपकेन्द्रका कर्मचारी भीमबहादुर बुढा बताउछन् । प्रतिकिसान ५० क्विन्टलका दरले धान खरिद भइरहेको उनले बताए । बुढाका अनुसार खरिदमा ढिलाइ हुनुको प्रमुख कारण पूर्वाधारको कमी हो । उन भने, 'धान खरिदका लागि एउटा काटामात्र सञ्चालनमा छ । किसानको समस्यालाई मध्यनजर गरी नगरपालिकासँग समन्वय गरी अर्को काटा थप्ने तयारी गरिरहेका छौँ ।'

कैलाली जिल्लाको अधिकांश भूभाग तराईमै पर्छ, जहाँको मुख्य आम्दानीको स्रोत धानलगायत अन्य बाली हो । यहाँका किसानले वर्षभरको मेहेनत यही बालीमा लगाउँछन् । खेतमा पसिना बगाउने उनीहरूका लागि धान बेच्नुमात्र व्यापार होइन, परिवारको जीविकोपार्जनको आधार हो । तर धान बेच्ने पालो नपाउँदा उनीहरू समस्यामा छन् ।

धान बिक्रीमा ढिलाइ हुँदा किसानको आर्थिक अवस्था प्रभावित भएको छ । खेतमा नयाँ बाली लगाउनका लागि रकम चाहिन्छ, तर धान नबेचेसम्म नगद हातमा आउँदैन । कतिपय किसान बाली बेचेर नै घर चलाउँछन् । घोडाघोडीकी रमिता चौधरी भनिन, 'धान बेचेपछि तिरौला भनेर सापटी मागी घर खर्च चलाएको छु । लाइनमा बसेको दुई दिन भयो खै कहिले पालो आउँछ ।'

खाद्य व्यवस्था तथा व्यापार कम्पनीले धान उत्पादनको पकेट क्षेत्रलाई आधार मानी १३ वटा खरिद केन्द्रहरू सञ्चालन गरिरहेको छ । जसअन्तर्गत नेपालभरि नै कैलालीबाट धान खरिद शुरु गरेको छ । भजनी, मोहनपुर, सत्ती, गौरीगङ्गा, जोशीपुर र टीकापुर गरी जिल्लाका छवटा खरिद उपकेन्द्रमार्फत धान खरिद गरिरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड सुदूरपश्चिम प्रमुख दीपक थापाले जानकारी दिए । सबै उपकेन्द्रहरूमा किसानको लामो लाइन छ ।

कैलालीमा ३५ हजार क्विन्टल धान खरिद गर्ने भनी तोकिएको छ । हिजोसम्म नौ हजार क्विन्टल बढी खरिद भइसकेको छ । सरकारको समर्थन मूल्यमा नै धान खरिद गरिरहेको बताउँदै उनले भने, 'अरू ठाउँमा मूल्य कम पाउने गरेका कारण सबै किसान खरिद केन्द्रमै आएका छन् । जसका कारण निकै भीड छ ।'

अर्कै समस्या जनशक्ति र पूर्वाधर हो । प्रदेश कार्यालयमा कर्मचारीको दरबन्दी कम हुन्छ । चार कर्मचारी, अछाम, बाजुरा, बझाङ, कालिकोटबाट ल्याएको बताउँदै थापाले भने, 'यसपटक सरकारको बजेटमा नै धान खरिद गरेबापत रकम किसानको खातामा हाल्ने व्यवस्था गरेकाले कागजातहरू मिलानका लागि एक जना कर्मचारी त्यही व्यस्त हुन्छन् । त्यसैले धान खरिदमा केही जटिल भएको छ ।' एक उपकेन्द्रमा दुई जना कर्मचारी खटाइएको उनले बताए ।

बिहान १०:०० बजेबाट ४:०० बजेसम्म धान खरिद गर्नुपर्ने भए पनि किसानको चापका कारण बिहान ८:०० देखि शुरु गरी बेलुका ९:०० बजेसम्म नै धान खरिद गरिरहेको उनले बताए । रासस

# लाम्पाटामा पाखो सम्याएर खेलमैदान निर्माण



**म्याग्दी ।**
मङ्गला गाउँपालिका–२ लाम्पाटामा खेलमैदान निर्माण भएको छ । मङ्गला शिक्षा क्याम्पसको छात्राबास परिसरमा रहेको पाखो सम्माएर खेलमैदान निर्माण गरिएको हो । क्याम्पस सञ्चालक समितिका अध्यक्ष यामबहादुर थापाले 'सेभेन ए साइड' फुटबल, भलिबल, बास्केटबल, क्रिकेट र एथलेटिक्स विधाका खेल सञ्चालन गर्न सकिने खेलमैदान निर्माण भएको जानकारी दिए ।

'तीव्र रूपमा बजार विस्तार भएको गाउँपालिकाको केन्द्र बाबियाचौरमा खुला ठाउँको अभावका कारण खेलमैदान नहुँदा खेलाडीलाई समस्या भएको थियो,' उनले भने, 'नजिकैको लाम्पाटामा खेलमैदान बनेपछि क्याम्पसका विद्यार्थीका साथै खेलाडीलाई पनि सहज भएको छ ।'

क्याम्पसको छात्राबास भवन निर्माणका क्रममा पछाडिको भागमा गत वर्ष पक्की पर्खाल निर्माण गरेर पाखोको जग्गा उकास गरिएको थियो । चालु आर्थिक वर्षमा गाउँपालिकाले विनियोजन गरेको रु पाँच लाख बजेटबाट पाखो सम्याएर खेलमैदान तयार पारिएको हो । गाउँपालिकाका प्राविधिक शाखाका प्रमुख रुचेन्द्र अधिकारीले उक्त खेल मैदानको लम्बाइ ७५ मिटर र चौडाइ ३८ देखि ४० मिटर रहेको जानकारी दिए । नयाँ खेलमैदानमा बिहीबारदेखि गाउँपालिकास्तरीय छैठौँ राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन भएको छ ।

क्याम्पसको पूर्वाधारको अवस्थाका विषयमा समुदायस्तरमा प्रचारप्रसार गर्न सहयोग पुगोस् भनेर नयाँ खेलमैदानमा प्रतियोगिता सञ्चालन गरिएको गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले बताए । खेलमैदानको कुनातर्फ प्याराफिट, छेउमा मञ्च र डिलतर्फ तारबार लगाएर व्यवस्थित बनाइने उनले जानकारी दिए ।रासस

# निःशुल्क वितरण गरिने औषधि वैद्यखानाबाट लिँदै महानगर




**काठमाडौँ।**
काठमाडौँ महानगरपालिकाले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट निःशुल्क वितरण गर्ने औषधि र औषधिजन्य सामग्री सिंहदरबार वैद्यखानाबाट लिने भएको छ।

यसरी औषधि लिनका लागि कामपा स्वास्थ्य विभाग र सरकार–सरकार साझेदारी कार्यक्रमअन्तर्गत कामपाले माग गर्ने आयुर्वेदिक औषधि लागत मूल्यमा वैद्यखानाले उपलब्ध गराउनेगरी सम्झौता पनि भइसकेको कामपाले जानकारी दिएको छ।

कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीले आगामी दिनमा आधारभूत स्वास्थ्य सेवाअन्तर्गत आयुर्वेदिक औषधि वितरणमा सहज हुने विश्वास रहेको बताए।

कार्यक्रमका फोकल पर्सन ज्ञानबहादुर ओलीका अनुसार अहिले कामपाले सञ्चालन गरेको आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधि वैद्यखानाबाट उपलब्ध भएसम्म त्यहीँबाट प्राप्त गर्ने तयारीका साथ सम्झौता अघि बढाइएको हो।

कामपाले यसअघि नै यस्तै प्रकारको सहकार्य नेपाल औषधि लिमिटेडसँग पनि गरिसकेको ओलीले जानकारी दिए।

सम्झौताबमोजिम वैद्यखानाले औषधिको ७५ प्रतिशतसम्म उपभोग अवधि बाँकी रहेका औषधि माग भएको सात दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

उक्त औषधि नै कामपाले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट निःशुल्क रूपमा वितरण गर्ने जनाएको छ। यस्तै वैद्यखानाका कार्यकारी निर्देशक डा प्रदीप केसीले औषधिको गुणस्तरीयतामा संवेदनशील भएर माग पूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ। रासस

# मुक्त हलिया पुनःस्थापन कार्य अलपत्र

**कञ्चनपुर।**
मुक्त हलियाको पुनःस्थापनाको कार्य अझै टुङ्गोमा पुग्न सकेको छैन। स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरण गरिएको सात वर्ष बित्नै लाग्दा पनि पुनःस्थापनाको कार्यले गति लिन नसकेको हो।

राष्ट्रिय मुक्त हलिया समाज कञ्चनपुरका अध्यक्ष सिवी लुहारले हलिया पुनःस्थापन समस्या समाधान समिति रहँदा पुनःस्थापनाको कार्य अगाडि बढेको भए पनि २०७६ सालमा सो जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरेपछि कार्य ठप्प भएको बताए।

‘स्थानीय तहले ‘क’ श्रेणीका एक सय ६१ जना मुक्त हलियालाई घर निर्माणसँगै जग्गा खरिद गरी पुनःस्थापना गर्ने जिम्मेवारी पाएको थियो,’ उनले भने, ‘तर त्यसै समयमा कोरोना महामारीका कारण काम रोकियो, केन्द्रले पठाएको रकम पनि खर्च व्यवस्थापन गर्न नसक्दा फिर्ता भयो, त्यसपछि बजेट नै विनियोजन भएन।’



अध्यक्ष लुहारका अनुसार ‘ख’ र ‘ग’ श्रेणीका सात सय २३ जना मुक्त हलियाले पहिलो किस्ताबापतको रकम त पाए, तर दोस्रो किस्ता पाउन सकेका छैनन्। घर मर्मतका लागि रकम नपाउँदा धेरै हलिया परिवार अझै पनि असुरक्षित रूपमा झोपडीमै बस्न बाध्य छन्।

‘मन्त्रालयबाट रकम पठाउने कार्य रोकिएपछि पुनःस्थापनाको सम्पूर्ण प्रक्रिया अलपत्र परेको छ,’ उनले भने, ‘मुक्त हलिया अझै पनि कठिन जीवन बिताइरहेका छन्।’

मुक्त हलिया अगुवा अन्तराम वडका अनुसार पुनःस्थापन गरिएका एक हजार आठ सय ३० परिवारमध्ये केही रोजगारीको अभावका कारण बस्ती छाडेर भारततर्फ पलायन भएका छन्। ‘कतिपयले घरमै ताला लगाएर भारत गएका छन भने केही परिवारमा महिला, बालबालिका र वृद्धहरू मात्र बाँकी छन,’ उनले भने।

हाल कञ्चनपुरमा एक हजार ९९१ जना मुक्त हलियाले परिचयपत्र प्राप्त गरेका छन्। जसमा ‘क’ श्रेणीका तीन सय ९४, ‘ख’ श्रेणीका सात सय ९९, ‘ग’ श्रेणीका ६४ र ‘घ’ श्रेणीका सात सय ३४ जना रहेका छन्। सुदूरपश्चिमका दार्चुला र बझाङ जिल्लामा मात्र पुनःस्थापनाको कार्य पूरा भए पनि अन्य जिल्लामा भने यो प्रक्रिया अझै अधुरो रहेको मुक्त हलिया समाजले जनाएको छ। रासस

# ‘मौरिस हर्जोग’ पदमार्ग पुनःसञ्चालन



**म्याग्दी।**
अन्नपूर्ण आधार शिविर जोड्ने ‘मौरिस हर्जोग’ पदमार्ग पुनःसञ्चालन भएको छ। आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ को भूगोलमा पर्छ।

यही कात्तिक १० देखि १५ गतेसम्म परेको झरी र हिमपातका कारण स्थानीय प्रशासन र अन्नपूर्ण गाउँपालिकाले पदमार्ग भ्रमणमा रोक लगाएका थिए। मौसममा सुधार भएपछि पदमार्ग पुनःसञ्चालन भएको अन्नपूर्ण गाउँपालिका–४ का वडासदस्य श्याम पुर्जाले जानकारी दिए।

‘चिसो बढे पनि पर्यटक आगमन रोकिएको छैन,’ उनले भने, ‘पदमार्ग भ्रमण खुला भएपछि पर्यटकको चहलपहल बढेको छ।’ छोटो अवधिमा पहाडी र हिमाली क्षेत्रको एकैपटक साहसिक यात्रामा रुचि राख्नेहरूका लागि अन्नपूर्ण हिमालको आधार शिविर नयाँ गन्तव्यका रूपमा विकास भएको छ।

फुतफुते झरना र अन्नपूर्ण हिमालको फेदीमा रहेको नीलो रङको पञ्चकुण्ड ताल हुँदै चार हजार १९० मिटर उचाइमा अवस्थित अन्नपूर्ण आधार शिविर पुगिन्छ। तीन दिनमा निलगिरि र अन्नपूर्ण हिमालको फेदमा समथर फाँटमा रहेको आधार शिविर पुगेर फर्कन सकिन्छ।

नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ। अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमश्रृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ।

नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो।

सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र ‘मौरिस हर्जोग’ नामकरण गरेको थियो।

गत वसन्त यामदेखि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र गाउँपालिकाबाट अनुमति लिएर नारच्याङका बासिन्दाले हुमखोला, फुतफुते झरना, साघीखर्क, गुफाँफाँट, भुसकेत र पञ्चकुण्डमा अस्थायी संरचना बनाएर ५०–५० जना क्षमताको होटल शुरु गरेका थिए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)मा स्थायी भौतिक संरचना निर्माणका लागि प्रक्रिया पूरा गरेर सरकारको अनुमति लिनुपर्छ। भुसकेतका होटल व्यवसायी माइकल पुनले काठ, त्रिपाल, जस्तापाताको टहरा तथा टेन्टमा पर्यटकलाई राख्ने गरिएको बताए।

‘एक्यापले ५० जना पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको छ,’ उनले भने, ‘पर्यटकको सहज व्यवस्थापनका लागि बुकिङ गरेर भ्रमणमा आउन अनुरोध छ।’ रासस

# दुर्लभ पन्छी चिरकालिज भेटिएपछि संरक्षण

**म्याग्दी।**
धवलागिरि गाउँपालिका–३ दर र वडा नं ४ मुदीमा दुर्लभ पन्छी चिरकालिज भेटिएपछि संरक्षण अभियान थालिएको छ।

नेपाल पन्छीविद् सङ्घले गरेको अध्ययनका क्रममा मुदी र दरमा चिरकालिजको बासस्थान रहेको भेटिएको हो। अध्ययनमा सहभागी विराट रजकका अनुसार मुदीमा तीन र दरमा सात जोडी चिरकालिज भेटिएका छन्।

‘एक वर्षअघि गरेको अध्ययनका क्रममा दर र मुदीमा चिरकालिज भेटिएपछि संरक्षणका लागि विद्यालय र समुदायस्तरमा चेतनामूलक कार्यक्रम सञ्चालन गरेका छौँ,’ उनले भने, ‘दुर्लभ पन्छी भएकाले चिरकालिजको महत्व जानकारी गराएर सङ्ख्या वृद्धि र संरक्षणको पहल थालिएको हो।’

मुदीको वुत्तिविकास र मुनाको धवलागिरि माविका विद्यार्थीलाई चिरकालिजका बारेमा अभिमुखीकरणका साथै हाजिरी जवाफ प्रतियोगिता भएको छ। रानीखोला र दरखोला सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य र स्थानीयवासीलाई दरमा संरक्षण शिक्षासम्बन्धी प्रशिक्षण दिइएको छ।

जैविक विविधता संरक्षण समाजका अध्यक्ष लक्ष्मण पौडेल, पन्छीविद् सङ्घका केशव चोखाल र रजकले चिरकालिजको परिचय, महत्व र संरक्षणको आवश्यकताका विषयमा जानकारी गराएका थियो। ‘चोरीसिकारी, अनियन्त्रित डढेलो र जलवायु परिर्वतको बढ्दो प्रभाव चिरकालिज संरक्षणको चुनौती हो,’ अध्यता चोखालले भने, ‘चोरीसिकारीका अलावा, गुँडबाट अण्डा टिप्ने, पासो थाप्ने, चल्ला छोपेर



घरमा ल्याएर पाल्न खोज्ने, चिरकालिजले अण्डा पार्ने, कोरल्ने र चल्ला निकाल्ने समयमा हुने अनियन्त्रित डढेलोका कारण चिरकालिज लोप हुने अवस्थामा छ।’

सङ्घले पछिल्लो पाँच वर्षयता दातृ निकाय ‘टुलेडोज’ुको सहयोगमा धवलागिरि गाउँपालिकाका साथै मुस्ताङको घाँसा क्षेत्रको कालीगण्डकी बेसिनमा चिरकालिजको संख्या पहिचानका लागि अध्ययन र संरक्षणको कार्यक्रम गर्दै आएको जनाएको छ। कालीगण्डकी बेसिनमा हालै भएको अध्ययनका क्रममा १८ जोडी चिरकालिज भेटिएका थिए।

दुर्लभ पन्छीको संरक्षण गरेमा जैविक विविधता, पर्यावरणका हिसाबले योगदान पुग्नुका साथै पर्यटक भित्र्याएर आयआर्जन र ग्रामीण अर्थतन्त्र सुधारमा सहयोग पुग्ने जैविक विविधता संरक्षण समाजका अध्यक्ष पौडेलले बताए।

समुद्री सतहदेखि एक हजार ४सय मिटरदेखि तीन हजार ६ सय मिटरसम्मको उचाइमा चिरकालिज पाइने गर्छ। सामान्य कालिजजस्तै यो तल्लो तटीय क्षेत्रमा पाइँदैन। यो चरा झट्ट हेर्दा कालिजको पोथीजस्तै देखिए पनि धेरै भिन्नता हुन्छ। वैशाख, जेठ र असार चिरकालिजले अण्डा पार्ने, कोरल्ने र चल्ला निकाल्ने समय हो।

चिरकालिजको भालेको पुच्छर लामो, आँखाको रङ पनि रातो हुने, शरीरमा सेतो थोप्लामा कालो बुट्टा हुन्छ भने आकारमा पोथी भालेभन्दा सानो र पुच्छर पनि छोटो हुन्छ। बिहान सूर्योदय हुनुभन्दा अगाडि र साँझमा सूर्यास्त भएपछि दिनको दुईपटक मात्र चिरचिर गरेर कराउने भएकाले यसलाई चिरकालिज भनिएको हो।

भिरमा नै बासस्थान बनाउने यो पन्छीले एकपटकमा सातदेखि १५ वटासम्म फुल पार्छ।

अन्नपूर्ण संरक्षण क्षेत्र, ढोरपाटन सिकार आरक्ष र रारा राष्ट्रिय निकुञ्जका साथै संरक्षित क्षेत्रभन्दा बाहिर पर्वतसँगै म्याग्दी र बागलुङ तथा कर्णाली तथा सुदूरपश्चिम चिरकालिजको बासस्थान हो।

नेपाल पन्छीविद् सङ्घले गरेको पछिल्लो अध्ययनअनुसार नेपालमा चिरकालिजको सङ्ख्या एक हजारभन्दा कम रहेको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मै यसलाई लोपोन्मुख पन्छीका रूपमा सूचीकृत गरेको छ। रासस

कामपाले सञ्चालन गरेको आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट नेपाल सरकारले निःशुल्क वितरणका लागि तोकेका औषधि वैद्यखानाबाट उपलब्ध भएसम्म त्यहीँबाट प्राप्त गर्ने तयारीका साथ सम्झौता अघि बढाइएको हो।

कामपाले यसअघि नै यस्तै प्रकारको सहकार्य नेपाल औषधि लिमिटेडसँग पनि गरिसकेको ओलीले जानकारी दिए। सम्झौताबमोजिम वैद्यखानाले औषधिको ७५ प्रतिशतसम्म उपभोग अवधि बाँकी रहेका औषधि माग भएको सात दिनभित्र उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ।

उक्त औषधि नै कामपाले आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य केन्द्रबाट निःशुल्क रूपमा वितरण गर्ने जनाएको छ। यस्तै वैद्यखानाका कार्यकारी निर्देशक डा प्रदीप केसीले औषधिको गुणस्तरीयतामा संवेदनशील भएर माग पूर्ति गर्ने प्रतिबद्धता व्यक्त गरेको बताइएको छ। रासस

# अन्तरदेशीय प्रसारण लाइनको लाभ प्राधिकरणले पाउनपर्ने

**काठमाडौँ।**
सरकारले नेपाल र भारतबीच निर्माण हुने अन्तरदेशीय प्रसारण लाइनबाट प्राप्त हुने लाभ नेपाल विद्युत् प्राधिकरणले पनि प्राप्त गर्ने स्पष्ट पारेको छ। नेपाल–भारतबीच इनरुवा–पूर्णीया र दोदोधारा–बरेली थप दुईवटा चार सय किलोभोल्ट क्षमताका अन्तरदेशीय प्रसारण लाइनहरू संयुक्त लगानीमा निर्माण गर्नेसम्बन्धी सम्झौता भएको छ।

संयुक्त निर्देशक समिति (जेएसी)को १२औँ बैठकमा निर्णय भएको र सोही निर्णय कार्यान्वयन गर्न हालै नेपाल विद्युत् प्राधिकरण र पावर ग्रिड कपरिसन अफ इन्डिया लिमिटेडबीच संयुक्त कम्पनी स्थापनासम्बन्धी ‘ज्वाइन्ट भेन्चर’ र ‘सेयरहोल्डर्स एग्रिमेण्ट’ हस्ताक्षर सम्पन्भएको छ।

सोही सम्झौताबमोजिम यी दुवै प्रसारण लाइनहरूको नेपाली खण्ड र भारतीय खण्ड निर्माणका लागि नेपाल र भारतमा स्थापना हुने संयुक्त कम्पनीमा नेपाल विद्युत् प्राधिकरणको सेयर क्रमशः ५१ प्रतिशत रहने ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सन्दीपकुमार देवले जानकारी दिए। त्यसैगरी, भारतीय खण्डमा निर्माण हुने प्रसारण लाइनमा समेत प्राधिकरणको हिस्सा ४९ प्रतिशत रहनेछ। ती प्रसारण लाइनमा प्राधिकरणले ‘क्यापासिटी बुकिङ’ गरिएको सहसचिव देवले उल्लेख गरे।

प्राधिकरणले हालसम्म ११ हजार ४३३ मेगावाट क्षमताको विद्युत् खरिदबिक्री सम्झौता गरिसकेको छ। कुल १२ हजार ६४६ मेगावाट बराबरको विद्युत् खरिदबिक्रीका लागि आवेदन प्राप्भएकामध्ये पाँच हजार २३० मेगावाट क्षमताको ग्रिड कनेक्सन एग्रिमेन्ट सम्पन्भएको छ।

विद्युत् खरिदबिक्री सम्झौता सम्पन्भएका र विद्युत् खरिदबिक्रीका लागि आवेदन दिइएका विद्युत् आयोजनाबाट उत्पादित विद्युत्को बजार सुनिश्चितताका लागि अन्तरदेशीय प्रसारण लाइन निर्माणको कामलाई प्राथमिकतामा राखिएको मन्त्रालयले स्पष्ट पारेको छ।

हाल ढल्केवर–मुज्जफरपुर चार सय किलोभोल्ट क्षमताको अन्तरदेशीय विद्युत् प्रसारण लाइन सञ्छ। यस्तै, न्यू बुटवल–गोरखपुर किलोभोल्ट क्षमताको अन्तरदेशीय विद्युत् प्रसारण लाइन निर्माणधीन छ। सो प्रसारण लाइन सन् २०२६ मा निर्माण सम्पन्न हुनेछ।

ढल्केवर मुज्जफरपुर अन्तरदेशीय विद्युत् प्रसारण लाइनको नेपाली खण्ड र भारतीय खण्ड निर्माण तथा सञ्लागि नेपाल र भारतमा अलगअलग संयुक्त कम्पनी स्थापना भई सञ्चालनमा छन्। नेपालमा स्थापना भएको संयुक्त कम्पनीमा प्राधिकरणको ५० प्रतिशत सेयर छ। रासस

जि.प्र.का. पर्सा दर्ता नं. ३११-०७९/८०
जि.हु.का. पर्सा दर्ता नं. १९८-०८०/८१


# स्वकीय सचिवहरुको तबल भुक्तानी रोकियो




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय सरकारको खर्च कटौती र मितव्ययिता सम्बन्धी निर्देशनपछि मधेश प्रदेशसभाका सदस्यहरूको स्वकीय सचिवको तलब भुक्तानी रोकिएको छ ।
संघ सरकारको अर्थमन्त्रालयले असोज ७ गते मितव्ययिता कायम गर्न परिपत्र जारी गरेपछि स्वकीय सचिवको भदौ महिनासम्मको तलब मात्र वितरण गरिएको र त्यसपछि तलब रोकिएको मधेश प्रदेशसभाका सचिव बासुप्रसाद कोइरालाले जानकारी दिए ।
कोइरालाका अनुसार प्रदेशसभाका सदस्यहरूले ऐन अनुसार स्वकीय सचिव पाउँदै आएका थिए, तर संघको परिपत्रपछि हाल सुविधा अस्थायी रूपमा निलम्बित भएको हो । उनले भने, 'प्रदेश सरकार आफैँमा स्वायत्त हो, त्यसैले स्वकीय सचिव राख्ने वा नराख्ने विषयमा अन्तिम निर्णय मन्त्रिपरिषद्ले गर्नेछ ।'
मधेश प्रदेशमा हाल राजनीतिक अवस्था अस्थिर बनेको छ । जेन्जी आन्दोलनपछि तत्कालीन मुख्यमन्त्री सतिश कुमार सिंहले राजीनामा दिएपछि नयाँ मुख्यमन्त्रीको रूपमा जितेन्द्रप्रसाद सोनार (सोनल) नियुक्त भएका छन् । तर, अहिले पनि मन्त्रिपरिषद् विस्तार हुनसकेको छैन ।
हाल सरकारमा मुख्यमन्त्रीसहित दुई जना विनाविभागीय मन्त्री मात्र छन् । गठबन्धन दलहरूले शनिबार विश्वासको मत लिएपछि मन्त्रिपरिषद् विस्तार गर्ने सहमति गरेका छन् ।
सचिव कोइरालाले भने, 'अर्थमन्त्रालयको परिपत्र कुनै निकायलाई होइन, सरकारलाई लक्षित हो । त्यसैले प्रदेश सरकारको मन्त्रिपरिषद् निर्णयअनुसार नै हामी अघि बढ्नेछौँ ।'
मधेश प्रदेश सरकारद्वारा बनेको 'प्रदेशसभा सदस्यहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन' अनुसार सभामुखको सचिवालयमा १०, विपक्षी दलका नेता र उपसभामुखका लागि ५, समितिका सभापति तथा प्रमुख सचेतकका लागि ४, सचेतकका लागि २ र साधारण सदस्यका लागि १ स्वकीय सचिव व्यवस्था गरिएको छ ।
त्यस्तै, उपसभामुखका लागि माली र स्वीपर जनासम्म थप नियुक्त गर्न सक्ने प्रावधान पनि ऐनमा समावेश छ । तर संघीय अर्थमन्त्रालयले जारी गरेको ताजा परिपत्रले राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख र मन्त्रीबाहेकका राजनीतिक पदाधिकारीका स्वकीय सचिव सुविधा खारेज गर्ने स्पष्ट निर्देशन दिएको छ ।
यससँगै मधेश प्रदेशमा प्रदेशसभा सदस्यहरूका सचिवहरूको तलब र सुविधा पुनः प्राप्त हुने या स्थायी रूपमा रोकिने भन्ने विषय अब प्रदेश मन्त्रिपरिषद्को निर्णयमा निर्भर रहने भएको छ ।




**सामाचाकेवा महोत्सवः** रौतहटको चन्द्रपुर नगरपालिका–८ सन्तपुरमा शुरु भएको ४८ औँ सामाचाकेवा महोत्सव तथा श्री कार्तिकश कुंवर मेलामा ढक्की सहित परम्परागत पहिरनमा सजिएका थारु समुदायका महिला । तस्बिरः रासस

# मजदुर नहुँदा खेती धान्न सकस

**महोत्तरी ।**
महोत्तरीका किसान यतिखेर गत साताको वर्षाले निहिनमै भिजाएको धान सुकाउने, चुट्ने (दाइँ गर्ने) र थन्क्याउने चटारोमा छन् । कतिपयको धान काट्ने बेला हुँदैछ । यसैगरी अहिले नै हिउँदे बाली लगाउने तयारीले छोपेको छ । गहुँ, दलहन र तेलहन बाली लगाउने बेलाले छोपेको छ । यस्तै आलु लगाउन र बहुबाली लिन चाँडै रोपिने उखुको चटारो छ । कामैकामले छोपेका बेला यहाँका किसान भने कृषि कामका श्रमिक (खेतीहर मजदुर) नपाउँदा विरक्तिएका छन् ।
'पाँच दिनको लगातारको बेमौसमी वर्षा थामिएको पनि चार दिन नाघिसकेको छ, वर्षाले निहिनमै भिजाएको धान पल्टाउने, सुकाउने, सुकेको समेट्ने र दाइँ गर्न भ्याइएको छैन, बस्तीमा खेतीका कामदार भेटिँदैनन्, अब कसरी खेती गर्ने होला ?,' बर्दिबास–२ बारनचौडीकी किसान तुलसा उपाध्याय भन्छिन्, 'धान थन्क्याउन पाइएको छैन, हिउँदेबाली लगाउन तयारी यसैबेला गर्नुछ, वरपर कृषि श्रमिक भेटिँदैनन्, खै खेती धान्न सकिएलाजस्तो लाग्न छाड्यो ।'
भर्खरै लगालगी महत्त्वपूर्ण चाडबाड सकेपछि धान थन्क्याउने तयारी गरिरहँदा किसानलाई पछिल्लो साता बेमौसमी वर्षाले दुःख दियो । अहिले अब वर्षाअघि काटेर निहिनमा सुकाएको धान समेट्ने धमाधम छ । अगौटे धान कतिले वर्षाअघि काटेर चुट्ने–दाइँ गर्ने सकेका छन् । कतै काटेर निहिनमा सुकाइँदा भिजेको धान अहिले पानी थामिएयता दिनहुँ ओल्टाइपल्टाइ गर्नुपरेको छ । अलि पछौटे धान खेतमा पहेँलपुर बालामा झुलिरहेको छ । अब काट्ने सुरसार हुँदैछ । धान काटेर खाली भएको खेत खनजोत गरेर हिउँदे बाली लगाउने तयारीको बेला छ । तर अहिले (मजदुर नपाइँदा कुनै काम सोचे जसरी समयमा गर्न नपाएको किसान बताउँछन् ।
'यसपालि धान रोप्ने बेला खडेरी, निकै दुःखले रोपिएको धान दसैँताकाको वर्षासँगैको बाढी र डुबानमा पर्यो, अहिले धान थन्क्याउने बेला नचाहिँदो पानी परेर हण्डर दियो,' भङ्गाहा–९ हरिहरपुरहरिनमरीको सखुवाटोलका किसान बद्री यादव भन्छन्, 'अब खेतमै सुकाउँदा भिजेका पाँजा (निहिन) स्याहार्नै धौधौ छ, पाँजामै भिजेर उम्रेको धान देखेर मन थाम्न सकिन्न, गाउँघरमा जन पाइन्नन्, अब खेती गाह्रो छ ।' अबलगत्तै हिउँदेबाली कसरी लगाउने भन्ने चिन्ताले पिरोलेको उनको भनाइ छ ।
कामैकामको धमाधमको बेला छ । यस्तै बेला अतिरिक्त जनको आवश्यकता पर्दा मान्छे नपाएपछि खेतीपातीका कामले दिक्क हुन थालिएको किसान बताउँछन् । 'हेर्नोस् न, खेतीपातीका कामले थिचेको बेला छ, जन मजदुर पाइँदैनन्, यो खेतीपाती पनि नगर्दा भोकै परिने गर्दा हत्ते हुइँने,' दिक्क हुँदै गौशाला–९ डुमरवानाका किसान शिवकरण राय भन्छन्, 'हामी किसानले कहिल्यै सुखसन्तोष भन्ने नपाउने भयौँ ।'
जिल्लाका गाउँनगर बस्तीमा खेतीपातीका काम जान्ने कृषि जनशक्ति कामकै लागि भारतका पञ्जाव र हरियाणा गएपछि यहाँ जनको अभाव भएको हो । खेतीपातीका काममा पोख्त मानिने मुसहर, बाँतर जाति समुदायका काम गर्नसक्ने उमेरदारी जति सबै पञ्जाव र हरियाणा गएका छन् । यी समुदायको बसोबासका बस्ती पस्दा अचेल हिँडडुल गर्न नसक्ने बूढाबूढी, महिला र ससाना भुराभुरीमात्र भेटिन्छन् । खेतीपातीका काम आफ्नै ठाउँमा पाइए पनि यहाँ पाइने बनी (पारिश्रमिक)ले घरपरिबार धान्न नसक्ने भएपछि हुर्केका किशोर (१५–१९ वर्ष) र युवा भारत जाने गरेका यहाँको थिति नै बसेको छ ।
खेतीपातीका काम जान्ने यहाँको युवा जनशक्ति भारतको पञ्जाव र हरियाणमा पसिना बगाउँदैछन् । थोरतिन जग्गा भएका किसानका छोरा साहुसँग महँगो ब्याजको ऋण काढेर अरब कतार पुगेका छन् । काम गर्ने उमेरका युवा विदेश गएपछि यहाँ खेतीपाती गर्न जनशक्ति घटेको छ । काम गर्ने मान्छे नपाएपछि अब किसान दिनदिनै खेती घटाउन बाध्य हुँदैछन् । यो अवस्थाले खेती धान्ने दिन सकिँदै गएको भङ्गाहा–६ हतिसर्वाको मदनपट्टी बस्तीका किसान राजनारायण राय थारू बताउँछन् ।
'दुई दशकअघि मेरै गोठमा तीन हल गोरु थिए, आफैँ आठ–दश बिघा खेती गरिन्थ्यो,' थारू भन्छन्, 'अब हेर्नोस्, गोठ रित्तो छ ।' यहाँका कृषि श्रमिक विदेशिने क्रम नरोकिए अब केही वर्षपछि जतातते पर्ति जग्गा देखिने थारूको चिन्ता छ ।
जिल्लामा ७१ हजार हेक्टर कृषियोग्य जग्गा रहेको कृषि ज्ञान केन्द्र महोत्तरी कार्यालयको तथ्याङ्क छ । बर्सेनि खेतीपातीमा अनुकूल नहुँदा आठ–दश हजार हेक्टरमा किसानले पालो बाली लगाउन पाउँदैनन् । उखु, रहरीसहितका बाली वर्षभरि लाग्ने भए पनि धेरैजसो जग्गा दुई–तीन बाली लगाउन मिल्ने छन् । तर खासमा जनशक्तिकै अभावले एउटा बालीपछिको अर्को बाली लगाउन छाडिएको भङ्गाहा–३ कटैयाकी ६० वर्षीया किसान रामराजी यादवको भनाइ छ ।
खेतीपाती गर्न बीउ, मलखाद समयमा नपाइने, सिँचाइको प्रबन्ध नहुनु, किसानले चाहिएको बेला सजिलोसँग दुई–चार पैसा ऋण नपाउने भएपछि जाँगर मर्न थालेको किसानको भनाइ छ । पछिल्ला वर्षहरूमा जनसमेत पाउन छाडिएपछि अब खेती गर्न आफ्नै परिबारको भरले मात्र गर्न सकिने गौशाला–११ का किसान लक्ष्मी महतो बताउँछन् ।
यो प्रतिकूलता हटाउन सरकारले किसानलाई ठिक समयमा बीउ, मलखाद, प्राविधिक सल्लाह र सुलभ खेती ऋणसँगै भारत जाने श्रमिकलाई यहीँ काम र दामको आकर्षण दिनसकेमात्र खेती थाम्न सकिने यहाँका किसान बताउँछन् । मुख्य रूपले स्थानीय सरकारले यसको तत्परता लिनुपर्ने यहाँका किसानको भनाइ छ ।

# वीरगंज नाकाबाट निर्यात बढ्यो




**वीरगंज ।**
गत आर्थिक वर्षको तुलनामा चालु आवमा वीरगंज नाकाबाट निर्यात वृद्धि भएको छ । प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार चालु आवको प्रथम तीन महिनामा २६ अर्ब ५९ करोड रुपैयाँ मूल्य बराबरका सामान निर्यात भएका छन् । गत आवमा सोही अवधिमा आठ अर्ब ८४ करोड रुपैयाँ मूल्य बराबरका वस्तु निर्यात भएका थिए ।
चालु आवको तीन महिनामा १३ अर्ब ९८ करोड रुपैयाँ मूल्यका छ करोड ७१ लाख तीन हजार तीन सय आठ लिटर भटमासको प्रशोधित तेल निर्यात भएको छ ।
यसैगरी, चालु आवको तीन महिनामा दुई अर्ब सात करोड रुपैयाँ मूल्य पर्ने दुई करोड १२ लाख ४८ हजार तीन सय ८३ लिटर जुस निर्यात भएको छ । साथै एक अर्ब ७० करोड रुपैयाँ मूल्य पर्ने तीन करोड ६८ लाख ४८ हजार तीन सय आठ लिटर सूर्यमुखीको प्रशोधित तेल र ९७ करोड रुपैयाँ मूल्यका दुई करोड ४९ लाख पाँच हजार एक सय ८५ थान कपडा र ६६ करोड रुपैयाँ मूल्य पर्ने सेन्थेटिक यार्न निर्यात भएको छ ।

# लोकतन्त्र द्वन्द्वमा होइन संवादमा बलियो हुन्छः राष्ट्रपति

**मधेशदृष्टि**
**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्र द्वन्द्वमा नभई संवादमार्फत बलियो हुने बताएका छन ।
प्रतिनिधिसभाका सभामुख, उसभामुख, राष्ट्रियसभाका अध्यक्ष, उपाध्यक्ष एवं प्रदेशसभाका सभामुख, उपसभामुखसँग शुक्रवार राष्ट्रपति भवन शीतल निवासमा भएको भेटमा उनले जनताको आवाज सुनेर लोकतान्त्रिक आचारणलाई जीवनमा अङ्गाल्न जरुरी भएको बताए । यसले लोकतन्त्र र संसदीय प्रणाली अझ सुदृढ हुन्छ भन्ने बिर्सन नहुने उनको धारणा थियो ।
राष्ट्रपति पौडेलले युवा पुस्ताको सुशासन र विकासप्रति प्रकट भएको चाहनालाई ध्यान दिँदै संविधानको रक्षा र लोकतन्त्रलाई अझ उन्नत तथा सुदृढ बनाउन प्रतिनिधिसभा सदस्यको आगामी फागुन २१ गतेका निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु सबैको साझा दायित्व हो भन्ने मर्म बुझेर अघि बढ्नुपर्ने आजको आवश्यकता भएको बताए ।



राष्ट्रपति पौडेलले संसदीय प्रणालीको मजबुती कुनै एक दल, एक सरकार वा एक नेतृत्वको मात्र उत्तरदायित्व नभई सामूहिक राष्ट्रिय दायित्व भएको बताए । उनले भने, 'संसद् र सरकारको विशिष्ट भूमिका भनेकै जनताको आवाजलाई सुनिनसक्ने, बुझि नसक्ने र कार्यान्वयन गर्नसक्ने संरचना निर्माण गर्नु हो ।'
उनले नेपालको संविधान केवल एउटा कानुनी दस्तावेज मात्र नभई यो हाम्रो सहयात्रा, सहमति र सामूहिक सङ्कल्पको मार्गचित्र भएको बताउँदै यसको संरक्षणमा हामी सबैको प्रतिबद्धता भएको बताए । राष्ट्रपति पौडेलले असन्तुष्ट स्वरहरूलाई बेवास्ता गरेर होइन, सुनेर समाधान खोज्ने नीति सबैमा हुनुपर्ने स्पष्ट पारे ।
राष्ट्रपति पौडेलले नेपालको संविधानले राष्ट्रपतिलाई कुन अवस्थासम्म हस्तक्षेप गर्ने अधिकार दिएको छ भन्ने सबैलाई जानकारी भएको बताउँदै मुलुक जटिल र गम्भीर अवस्थामा पुगेको अवस्थामा त्यो आपत्तिबाट मुलुक र जनता जोगाउन मात्र कार्यकारी भूमिकामा देखिने जस्तो गरि निर्णय लिएको बताए । उनले भने, 'राष्ट्रपतिले हस्तक्षेप गर्नेपर्ने अवस्थाको दुरुपयोग नहोस् भन्नेमा म चिन्तीत र सचेत छु ।'
उनले मुलुकलाई फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरेका सुरक्षित अवतरण गराउने जिम्मेवारी राजनीति दलहरूको रहेको बताए । राष्ट्रपति पौडेलले तर राजनीतिक दलका नेताहरूले मुलुकको यथार्थ अवस्थालाई नजरअन्दाज गरेर अभिव्यक्ति दिँदा त्यसले देश र जनतालाई अन्योलमा पार्ने बताउँदै भने, 'राजनीतिक दल र दलका नेताहरूले देश र जनतालाई अन्योलमा राख्ने होइन । मुलुकलाई अन्यौल मुक्त गराउने नेताहरूको धर्म हो ।'

# प्रधानमन्त्रीद्वारा मतदाता परिचयपत्र बनाउन आह्वान

**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री सुशीला कार्कीले नयाँ पुस्तालाई मतदाता नामावलीमा नाम सङ्कलन गरेर आगामी निर्वाचनमा विवेकको मत प्रयोग गर्न आह्वान गरे छन ।प्रधानमन्त्री कार्कीले शुक्रवार भिडियो सन्देश दिँदै हामी नागरिकको विवेक सही रूपमा प्रयोग गर्नका लागि आधिकारिक रूपमा मतदाता परिचयपत्र हुनुपर्ने विषयलाई स्मरण गराएका हुन । आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभाको निर्वाचनका लागि निर्वाचन आयोगले देशभर यही कात्तिक ३० गतेभित्र मतदाता नामावली सङ्कलनकार्य सञ्चालन गरिरहेको छ ।
'जेन्जी युवा र समस्त नेपालीको सपनाको नेपाललाई यथार्थको नेपाल बनाउन, सबैभन्दा पहिला तपाईं–हामीले हाम्रो मतदाता परिचयपत्र बनाउनुपर्छ । अनि त्यसको सही उपयोग गरेर सही प्रतिनिधि छान्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भने, 'तपाईंहरू आफैँ सही प्रतिनिधि बन्नुपर्छ ।
विद्यमान बेथितिसँग लड्न र देश विकासमा सँगै अगाडि बढ्न हरेक योग्य नागिरकले आफ्नो मताधिकारको सदुपयोग गर्नुपर्छ । मताधिकारको सदुपयोग गर्न नजिकैको निर्वाचन कार्यालय गएर आजै मतदाता परिचय बनाऔँ ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन